मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ | अंक १५६ | २०८३ साल वैशाख १२ गते शनिबार | Saturday 25, April 2026 | सूर्योदयः बिहान ०५:३३ बजे | सूर्यास्तः साँझ ०६:३४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रदेश सभाको अधिवेशन अन्त्य

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सभाको चालु अधिवेशन आज मध्यरातदेखि अन्त्य हुने भएको छ । मधेश प्रदेश प्रमुखको कार्यालयले शुक्रबार विज्ञप्ति जारी गरेर मधेश प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णबाट शुक्रबार राति १२:०० बजेदेखि लागु हुने गरी प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरिएको जनाइएको छ। मन्त्रिपरिषद्को यही वैशाख ९ गतेको बैठकले आज मध्यरातदेखि अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो।

# वीरगंज मेनरोड विस्तारविरुद्ध आन्दोलन, प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक (मेन रोड) विस्तारका क्रममा सडक सीमाभित्रका घर तथा भवनहरू डोजर लगाएर हटाइएपछि प्रभावित घरजग्गाधनी र व्यवसायीहरू आन्दोलनमा उत्रिएका छन्। वीरगंज बचाउँ संघर्ष समितिको नेतृत्वमा शुक्रबार आदर्शनगरमा भेला भएका पीडितहरूले सरकारविरुद्ध नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय पर्सा पुगेर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन्।

प्रदर्शनका क्रममा सहभागीहरूले 'सडक विभाग मुर्दाबाद', 'राज्यको डोजर आतंक बन्द गर', 'सुकुम्बासी बनाउन पाइँदैन' जस्ता नाराहरू लगाएका थिए । उनीहरूले बिहानै घरधनी, परिवारका सदस्य र व्यवसायीहरू घरमै रहेका बेला करिब ४ बजेदेखि डोजर चलाएर राज्यले आतंक सिर्जना गरेको आरोप लगाए।

संघर्ष समितिका अनुसार राज्यले आफैंले लालपूर्जा दिएको जग्गामा बनेका संरचनामाथि अचानक कारबाही गर्दै १५ सयभन्दा बढी घर–भवन भत्काइएको छ । यसका कारण करिब ८० प्रतिशत घरधनी पूर्ण रूपमा घरबारविहीन बनेका छन् भने ३ हजारभन्दा बढी व्यापारी र करिब ९ हजार कामदार रोजगारी गुमाएर संकटमा परेका छन्।

उनीहरूले सडक विभागले सुरक्षाकर्मीको सहयोगमा जबर्जस्ती संरचना हटाउँदा वीरगंजको स्वरूप नै भयावह र हृदयविदारक बनेको बताएका छन् । घरभाडाबाट जीविकोपार्जन गर्दै आएका घरधनी र व्यापारमा आश्रित परिवारहरू एकैपटक प्रभावित भएको भन्दै ठूलो मानवीय संकट उत्पन्न भएको उनीहरूको दाबी छ।

संघर्ष समितिले मुख्य सडक विस्तारको औचित्यमाथि नै प्रश्न उठाउँदै ११० फिटको बाइपास सडक, ४० फिटको दोस्रो बाइपास तथा आईसीपीदेखि परवानीपुरसम्म ६ लेनको व्यापारिक मार्ग सञ्चालनमा आइसकेको अवस्थामा मेन रोड फराकिलो पार्नु आवश्यक नभएको जनाएको छ । यदि विस्तार अपरिहार्य भए सार्वजनिक सडक ऐन, २०३१ अनुसार 'शहरी मार्ग' मापदण्ड अपनाउँदै गण्डकदेखि मितेरी पुलसम्मको सडक ९–९ मिटर मात्र फराकिलो बनाउनुपर्ने माग उनीहरूको छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भोलादाहालले संघर्ष समितिको मागसहितको पत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइने आश्वासन दिएका छन् । ज्ञापनपत्र बुझाउन गएको टोलीमा वीरगंज महानगरका पूर्वमेयर विजयकुमार सरावगी, उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष गोपाल केडिया, संघर्ष समितिका पदाधिकारी, विभिन्न दलका नेता तथा प्रभावित नागरिकहरूको सहभागिता रहेको थियो।

करिब १३ वर्षदेखि अदालती प्रक्रियाका कारण रोकिएको त्रिभुवन राजपथअन्तर्गत पर्ने यो सडक विस्तार कार्य सडक विभागले गत शनिबारदेखि पुनः सुरु गरेको हो । गण्डकदेखि मितेरी पुलसम्मको क्षेत्रमा २५÷२५ मिटर सीमाभित्रका करिब १ हजार २ सयभन्दा बढी घरटहरा दुई दिनमै भत्काइएपछि शहरमा व्यापक असन्तोष देखिएको छ।

**प्रशासनको आग्रह**

जिल्ला प्रशासन कार्यालय पर्साले जोखिमपूर्ण अवस्थामा रहेका घर तथा टहरामा व्यापार व्यवसाय सञ्चालन नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ। सडक डिभिजन, हेटौंडाको सडक विस्तार कार्यक्रम अनुसार यही वैशाख ६ गते आइतबार वीरगंजको मितेरी पुलदेखि गण्डक चोकसम्मको निर्धारित सीमाभित्र पर्ने घर–टहराहरू भत्काइएको थियो । अधिकांश घरधनीहरूले स्वस्फूर्त रूपमा आफ्ना संरचना हटाई व्यवस्थापन गरिरहेको भए पनि केही स्थानमा भत्किएका तथा जोखिमयुक्त संरचनामा पुनः व्यापार सञ्चालन भइरहेको पाइएको प्रशासनले जनाएको छ । यस्ता जोखिमपूर्ण संरचनामा व्यापार सञ्चालन गर्दा घरधनी, व्यवसायी तथा सर्वसाधारण सबैको ज्यान जोखिममा पर्ने भएकाले तत्काल त्यस्ता गतिविधि बन्द गर्न प्रशासनले चेतावनी दिएको छ । साथै, सम्भावित दुर्घटनाबाट हुने क्षतिको जिम्मेवारी स्वयम् घरधनीले वहन गर्नुपर्ने र प्रचलित कानूनअनुसार कारबाही हुने स्पष्ट पारिएको छ । जोखिमयुक्त संरचनाको व्यवस्थापन गर्ने क्रममा कामदारको सुरक्षालाई उच्च प्राथमिकता दिन पनि प्रशासनले अनुरोध गरेको छ।

व्यवसायीको निधन

सडक विस्तारका क्रममा गरिएको आकस्मिक तोडफोडपछि वीरगंजमा व्यवसायीको निधन भएको छ । घन्टाघरस्थित मेनरोड क्षेत्रमा डेरा गरी बस्दै आएका व्यवसायी मुरारीलाल बजाजको घरबारविहीन बनेपछि उत्पन्न मानसिक आघातका कारण हृदयघात भई निधन भएको पारिवारिक स्रोतले जनाएको छ । सडक विभागको निर्देशनअनुसार २५–२५ मिटर सडक विस्तार गर्ने अभियानअन्तर्गत मेनरोड क्षेत्रमा संरचना हटाउने क्रममा पर्याप्त समय नदिई हतारमा तोडफोड गरिएको स्थानीयवासीले आरोप लगाएका छन्। परिवारका अनुसार वैकल्पिक बसोबासको व्यवस्था गर्न नसक्दा बजाज गम्भीर मानसिक तनावमा परेका थिए र सोही कारण उनको गएराति निधन भएको हो । स्थानीयवासीले २४ घन्टासमेत समय नदिई गरिएको तोडफोडले मानवीय संवेदनामा ठेस पुगेको बताएका छन् । वीरगंजको मुख्य व्यापारिक केन्द्र मानिने उक्त क्षेत्रमा करिब एक हजार दुई सय संरचना हटाइएको र त्यसबाट झन्डै चार हजार आठ सय घरपरिवार तथा साना–ठूला व्यवसाय प्रत्यक्ष प्रभावित भएका छन्। मृतक बजाज शारीरिक रूपमा अशक्तसमेत रहेको र आदर्शनगरस्थित रुङ्गटा मार्केटमा 'मुरारी स्टोर्स' सञ्चालन गर्दै आएका थिए। उनीजस्ता दैनिक आम्दानीमा निर्भर व्यवसायीहरू अचानक विस्थापित हुँदा जीवनयापनमा गम्भीर समस्या उत्पन्न भएको स्थानीय व्यापारीहरूले बताएका छन्। सडक विस्तार दीर्घकालीन विकासका लागि आवश्यक भए पनि यसको कार्यान्वयन शैली अमानवीय भएको भन्दै नागरिक समाजले आपत्ति जनाएको छ । पूर्वतयारी, पर्याप्त समय तथा वैकल्पिक व्यवस्थाविना गरिएको यस्तो कदमले मानवअधिकार उल्लंघनको प्रश्न उठाएको

## ६ कर्मचारीलाई सातदिने अल्टिमेटम

**मधेशदृष्टि**
**जनकपुरधाम।**
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले विभिन्न कारबाहीमा परी निलम्बन तथा बर्खास्त भएका ६ जना पूर्व कर्मचारीलाई सरकारी कागजात र जिन्सी सामग्री सात दिनभित्र बुझाउन अल्टिमेटम दिएको छ । परिषद्का अध्यक्ष सितल साह पूर्वेले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै पटक–पटकको ताकेता गर्दा पनि आवश्यक कागजात नबुझाइएको र केही महत्वपूर्ण सामग्री लुकाइएको भन्दै तत्काल सम्पर्कमा आउन निर्देशन दिएका हुन् । परिषद्का अनुसार वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना, कम्प्युटर अधिकृत कृष्ण मुरारी सिंह, अधिकृत जितेन्द्र कुमार यादव, लेखापाल सावित्री कुमारी गिरि, स्टोर किपर मदन कुमार चौधरी र नायब सुब्बा सञ्जय कुमार मण्डलले हालसम्म बर–बुझारथ नगरेको उल्लेख छ । तीमध्ये अधिकांश विशेष अदालत काठमाडौँमा विचाराधीन मुद्दामा प्रतिवादीसमेत रहेको परिषद्को भनाइ छ। विशेष अदालतले २०८२ चैत २ गते नै सम्बन्धित सक्कल कागजात झिकाउन आदेश दिएको भए पनि कर्मचारीहरूले सहयोग नगरेको दाबी गरिएको छ।

## आँप उत्पादनमा गिरावटको संकेत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा यस वर्ष आँप उत्पादन अपेक्षाभन्दा कम हुने संकेत देखिएको छ। प्रारम्भमा अत्यधिक फूल लागेकाले उत्पादन दोब्बर हुने अनुमान गरिए पनि वैशाखको सुरुवातमै आएको तीव्र हावाहुरीले ठूलो क्षति पु¥याएको छ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय का अधिकृत रवि बस्नेतका अनुसार यस वर्ष आँपका बोटमा विगतको तुलनामा राम्रो फूल लागेको भए पनि हावाहुरीका कारण मञ्जरी झरेपछि उत्पादनमा उल्लेख्य गिरावट आउने निश्चितजस्तै भएको छ।

आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशमा आँप उत्पादन औसत १२.९४ प्रतिशत रहेको थियो । जिल्लागत रूपमा धनुषामा १२.८४ प्रतिशत, सिरहामा १२.९२ प्रतिशत, महोत्तरी र सर्लाहीमा १३.१२ प्रतिशत, रौतहटमा १२.९९ प्रतिशत, बारामा १३.४४ प्रतिशत र पर्सामा १३.२२ प्रतिशत उत्पादन भएको तथ्यांक छ।

अधिकृत बस्नेतका अनुसार यस वर्ष लक्ष्यअनुसार उत्पादन नहुने देखिए पनि गत वर्षको तुलनामा पाँचदेखि १० प्रतिशत मात्र वृद्धि हुन सक्ने अनुमान गरिएको छ।

किसानहरू मौसमको मारबाट निराश बनेका छन् । मधेशका अधिकांश किसानका लागि आँप खेती प्रमुख आम्दानी स्रोत भएकाले उत्पादन घट्दा आर्थिक असर पर्ने देखिएको छ । धनुषाको बटेश्वर गाउँपालिकाका किसान राजकुमार महतोका अनुसार यस वर्ष हावाहुरीले बोटमा लागेको अधिकांश फूल झारिदिएकाले फल लाग्ने सम्भावना निकै कम भएको छ। कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवका अनुसार पछिल्ला वर्षहरूमा मौसमको अनियमितता बढ्दै गएको छ, जसको प्रत्यक्ष असर कृषि क्षेत्रमा देखिन थालेको छ । उनले बाली बीमा, मौसम पूर्वानुमान प्रणालीको सुदृढीकरण र किसानलाई समयमै सूचना तथा प्रविधि उपलब्ध गराउने व्यवस्था आवश्यक रहेको बताए।

यसैबीच, आँपमा लाग्ने डढुवा रोग नियन्त्रणका लागि प्रदेशभर औषधि व्यवस्थापन गरिएको भए पनि यस वर्ष रोगभन्दा पहिले नै हावाहुरीले क्षति पु¥याएको जनाइएको छ । मौसम अनुकूल भएको भए यस वर्ष आँप उत्पादन ऐतिहासिक रूपमा बढ्ने सम्भावना रहेको कृषि प्राविधिकहरूको भनाइ छ।

विगतका वर्षमा उत्पादन बढ्ने र बजारमा मूल्य सस्तो हुने अपेक्षा गरिए पनि यस वर्ष उत्पादन घट्ने संकेत देखिएपछि आँपको मूल्य उच्च नै रहने अनुमान गरिएको छ । जनकपुरधाम बजारमा भारतीय आँप पहिले नै प्रवेश गरिसकेको र स्वास्थ्य जोखिम हुने भएकाले सावधानी अपनाउन स्वास्थ्यकर्मीहरूले आग्रह गरेका छन्।

# भन्सार नीतिविरुद्ध युथ एसोसिएसनको आवाज



**मधेशयात्रा**
**जनकपुरधाम।**
मधेश क्षेत्रमा लागू गरिएको भन्सार नीतिले सर्वसाधारणको दैनिकीमा प्रत्यक्ष असर पारेको भन्दै युथ एसोसिएसन अफ नेपाल (यान)ले सरकारको ध्यानाकर्षण गराएको छ। संस्थाका अध्यक्ष राहुलराज यादवको नेतृत्वमा शुक्रबार मधेशी आयोग मार्फत बुझाइएको ज्ञापनपत्रमा १०० रुपैयाँभन्दा माथिको सामानमा भन्सार लगाउने व्यवस्था अव्यवहारिक भएको उल्लेख गरिएको छ।

बढ्दो महँगीको समयमा यस्तो नीति लागू गर्दा गरिब, मजदुर, किसान तथा सीमान्तकृत समुदाय थप प्रभावित भएको यानको दाबी छ । मधेशको भौगोलिक तथा सामाजिक अवस्थालाई ध्यानमा नराखी बनाइएको नीतिले सीमावर्ती क्षेत्रका बासिन्दाको जीवनयापन झन् कठिन बनाएको पनि ज्ञापनपत्रमा उल्लेख छ।

ज्ञापनपत्रमा मधेशका नागरिकहरू वर्षौंदेखि सीमावर्ती भारतीय बजारमा निर्भर रहँदै आएको उल्लेख गर्दै दैनिक उपभोग्य सामग्रीका साना परिमाणमै भन्सार तिर्नुपर्ने बाध्यता अन्यायपूर्ण भएको जनाइएको छ।

त्यस्तै, मिथिला क्षेत्रको 'रोटी–बेटी' सम्बन्ध, विवाह, चाडपर्व तथा धार्मिक क्रियाकलापसँग सम्बन्धित सामग्रीमासमेत कर लगाइनु सांस्कृतिक अधिकारमाथिको हस्तक्षेप भएको आरोप यानले लगाएको छ । विशेषगरी दलित तथा विपन्न समुदायमाथि यसको असर गम्भीर रूपमा परेको बताइएको छ । सीमाक्षेत्रमा सुरक्षाकर्मीबाट हुने कुटपिट, सामान जफत तथा दुर्व्यवहारका घटनाप्रति गम्भीर ध्यान दिन पनि यानले माग गरेको छ। साथै, मधेशी समुदायको अधिकार संरक्षणका लागि स्थापित आयोगले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आवश्यक पहल गरी नीतिगत सुधार गर्न आग्रह गरिएको छ।

## पूर्वमन्त्री पाण्डेसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**काठमाडौँ।**
राप्रपाका वरिष्ठ नेता एवम् पूर्वमन्त्री विक्रम पाण्डे शुक्रबार पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पाण्डेलाई पक्राउ गरेको सिआइबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए।

उनले सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनाधिकृत पहुँच पु¥याइ विभिन्न ठेक्काहरूका विवरण हेरफेर गरेको आरोपमा पक्राउ गरिएको बताए।

पाण्डेसँगै भीषण कन्ट्रक्सनका सञ्चालक टङ्ककुमार श्रेष्ठलाई पनि सोही कसुरमा पक्राउ गरिएको सिआइबीले जनाएको छ । उनीहरूमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्काको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने कार्य गरेको उजुरी निवेदनका आधारमा साइबर ब्यूरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता भएको थियो।

सोही कसुरमा ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी हाल परिवर्तन भएको सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताए। मुद्दामा हालसम्म जम्मा ९ (नौ) जना शङ्कास्पद व्यक्तिहरूलाई प्रक्राउ गरी अनुसन्धान भइरहेको उनले बताए।

# वास्तविक सुकुम्वासीको व्यवस्थापन हुन्छः प्रधानमन्त्री



**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले देशभरका वास्तविक सुकुम्वासीहरूको यथार्थ पहिचान गरेर उनीहरूलाई यथाशक्य जग्गा वितरण गरी स्थायी व्यवस्थापन गरिने बताएका छन्।

आफ्नो फेसबुक पेजमा प्रधानमन्त्री शाहले वर्षौँदेखिको सुकुम्वासी समस्याको स्थायी समाधान खोजेर उनीहरूको बसोबासको व्यवस्थापनका लागि सरकारले काम गरिरहेको पनि स्पष्ट गरेका छन्।

प्रधानमन्त्री शाहले नदीकिनारमा बसोबास गरिरहेकाहरूको सुरक्षा र उपत्यकाको ढल निकास प्रणाली सुधारका गर्न पनि उनीहरूलाई स्थायी रूपमा अन्यत्रै स्थानान्तरण आवश्यक रहेको पनि बताएका छन् । उनले भने, हरेक वर्षको बाढीका कारण काठमाडौँका नदीकिनारमा रहेका मानिसहरूले ज्यान जोगाउन सामान छोडेर भाग्नुपर्ने नियति छ । उनीहरूलाई जोखिमरहित सुरक्षित स्थानमा व्यवस्थापन गर्नु नागरिकको अधिकार हो।

प्रधानमन्त्री शाहले काठमाडौँको थापाथलीलगायतका बस्तीलाई मानवीयताको ख्याल गरेर बल प्रयोग नगरी सुरक्षित तवरबाट स्थानान्तरण र त्यसपछि व्यवस्थापन गर्न लागिएको पनि जानकारी दिएका छन्।

प्रधानमन्त्री शाहले आफ्नो चुनावी वाचा र सरकारको १०० दिने कार्ययोजनामा पनि सुकुम्वासी समस्या समाधान गर्ने विषय समेटिएको स्मरण गर्दै झापामा उम्मेदवार हुँदा गरेको वाचा, राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिबद्धता र सरकारको १०० वटा गर्नैपर्ने काममा पनि सुकुम्वासी व्यवस्थापन र सरकारी जग्गा अतिक्रमण रोक्ने विषय रहेको आफूले नबिर्सिएको बताएका छन् ।रासस

# संसद्को ‘बिजनेस’का लागि अधिवेशन स्थगन

**काठमाडौँ ।**
मन्त्रिपरिषद् बैठकको विभिन्न मितिमा भएका निर्णयहरू आज पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको छ । सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले विभिन्न मितिमा भएका मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्नुभएको हो ।

मन्त्रिपरिषद् बैठकले यही वैशाख २१ र २२ गते रोमानियाको बुखारेष्टमा आयोजना हुने नेपाल रोमानियाबीचको द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वमा प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । सरकारले नेपाली महावाणिज्य दूतावास हङकङमा कार्यरत महावाणिज्यदूत डा. विन्देश्वरप्रसाद लेखकलाई परराष्ट्रमा हाजिर हुन आउने गरी फिर्ता बोलाउने निर्णय गरेको छ ।

बैठकले नेपाली सेनाका तीन जना रथीलाई सम्बन्धित सेवा, समूह तथा उपसमूहको उपरथी दर्जामा बढुवा गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले जानकारी दिए । उनका अनुसार मन्त्रिपरिषद्को निजामतीअन्तर्गत विभिन्न सेवाका २५ जना राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका कर्मचारीको सरुवा गर्ने निर्णय गरिएको छ ।

बैठकले समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरेको छ । सरकारी सार्वजनिक गुठी जग्गा हिनामिनासम्बन्धी प्रतिवेदन, २०७६ (मोहनरम भट्टराई) कार्यान्वयन गर्ने निर्णय भएको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री पोखरेलले जानकारी दिए ।



मन्त्रिपरिषद्को बैठकले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय गरेको छ । त्यसैगरी मतदाता नामावली ऐन, २०८३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय गरिएको उनले बताए ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली स्वीकृत गरिएको छ । बैठकले नेपाल पर्वतीय प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई गाभी एकीकृत रुपमा सञ्चालन गर्न नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन आदेश) स्वीकृत गरेको छ ।

आरोग्य पर्यटन रणनीति (सन् २०२६–२०३५) तथा कार्ययोजना (सन् २०२६–२०३०) स्वीकृत गरिएको छ । मन्त्रिपरिषद्को बैठकले यही वैशाख ८ गतेको निर्णयअनुसार राष्ट्रपतिबाट वैशाख १७ गते बिहीबार दिउँसो २ बजे सङ्घीय संसद् भवन, सिंहदरबारमा बस्नेगरी आह्वान गरिएको सङ्घीय संसद्को दुवै सदनको अधिवेशन विशेष कारणवश स्थगित गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री पोखरेलले जानकारी दिए ।

**संसद्को बिजनेसका लागि अधिवेशन स्थगत**

पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञासामा शिक्षामन्त्री पोखरेलले सरकारले संसद्को पर्याप्त विजनेस (संसद्को बैठकमा छलफल हुने कार्यसूची, प्रक्रिया र सम्पूर्ण औपचारिक कामको तयारी)का लागि यसअघि बोलाएको संसद्को अधिवेशन स्थगित गर्नुपरेको स्पष्ट पारे । उनले भने, ‘संसद्लाई पर्याप्त विजनेस दिनका लागि संसद् अधिवेशन स्थगित गरिएको हो । सरकारले विधेयकमार्फत कानुन बनाउने छ ।’

सरकारका प्रवक्ता एवम् शिक्षामन्त्री पोखरेलले सरकार अध्यादेश ल्याउने पक्षमा नरहेको बताए । प्राकृतिक विपद् न्यूनीकरणको पूर्वतयारीका लागि सुकुम्वासीलाई सुरक्षित ठाउँमा सार्न लागिएको बताए ।

उनले काठमाडौँ उपत्यकामा रहेका सुकुम्वासी बस्तीहरू बर्सेनि बाढीको जोखिममा पर्ने गरेकाले यसपालि बर्खा नजिकिँदै गरेकाले सोक्षेत्रका नागरिकको सुरक्षाका लागि स्थानान्तरण गर्न लागिएको स्पष्ट पारे ।

मन्त्री पोखरेलले काठमाडौँ महानगरसँग समन्वय गरेर सुकुम्वासीलाई सुरक्षित स्थानमा सारिने उल्लेख गरे । रासस

# वीरगंज मेनरोड विस्तारविरुद्ध...

सरोकारवालाहरूको भनाइ छ।

**महानगरले राहतको पहल गर्ने**

वीरगंज महानगरपालिकाले सडक विस्तारका क्रममा पूर्ण रूपमा भूमिहिन बनेका नागरिकलाई राहत उपलब्ध गराउने प्रक्रिया अघि बढाएको छ।

महानगरले शुक्रबार सूचना जारी गर्दै राजमार्गको दायाँ–बायाँ २५–२५ मिटर क्षेत्रभित्र रहेका घरटहरा हटाउँदा विस्थापित भएका नागरिकहरूलाई आफ्नो विवरण पेश गर्न आह्वान गरेको छ। त्रिभुवन राजपथअन्तर्गतको सडक विस्तारका क्रममा धेरै परिवार पूर्ण रूपमा भूमिहिन बनेको भन्दै उनीहरूको तथ्यांक संकलन गर्न लागिएको जनाइएको छ । महानगरका अनुसार देशका अन्य स्थानमा पनि कुनै जग्गा नभएका वास्तविक भूमिहिनहरूलाई राहत दिनका लागि यो प्रक्रिया सुरु गरिएको हो। प्रभावित नागरिकलाई ३० दिनभित्र आवश्यक प्रमाणसहित निवेदन दिन आग्रह गरिएको छ । जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार लगत संकलन प्रक्रिया अघि बढाइएको हो । महानगर प्रमुख राजेशमान सिंहले संकलित विवरणको छानबिनपछि वास्तविक पीडितलाई राहत उपलब्ध गराउन संघीय सरकारसमक्ष सिफारिस गरिने बताएका छन् । थप जानकारीका लागि महानगरको भूमि व्यवस्थापन तथा शहरी विकास महाशाखाका प्रमुख गौरव कुमार झासँग सम्पर्क गर्न आग्रह गरिएको छ।

गण्डक क्षेत्रमा पनि तयारी

पर्साको गण्डक नहर क्षेत्रमा वर्षौंदेखि गरिएको अतिक्रमण हटाउने तयारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय पर्साले नहर किनारामा बनेका अस्थायी तथा स्थायी संरचनाहरू हटाउने अभियान सुरु गर्न लागेको हो। प्रमुख जिल्ला अधिकारी भोला दाहालका अनुसार बीरगन्जको गण्डक चोकदेखि जानकी टोला इनर्वासम्म करिब २६ किलोमिटर क्षेत्रभित्र नहर किनारामा बनेका घर, टहरा तथा अन्य संरचनाहरू हटाइनेछ । उनले आइतबारदेखि अतिक्रमित संरचना हटाउने काम औपचारिक रूपमा सुरु गरिने जानकारी दिए।

अभियानका लागि प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय गरी विशेष कार्ययोजना तयार गरिएको जनाइएको छ । प्रशासनले सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थित सहरी विकासलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियान अघि बढाइएको जनाएको छ। नहर क्षेत्रलाई सुरक्षित, व्यवस्थित र दीर्घकालीन रूपमा उपयोगी बनाउने उद्देश्यसहित अभियान सञ्चालन गरिने प्रशासनको भनाइ छ।

# अवैध रुपमा संचालित ११ स्वास्थ्य संस्थामा तल्चा

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही प्रशासनले अवैधरुपमा सञ्चालित ११ स्वास्थ्य संस्थामा ताला लगाएको छ । सदरमुकाम समेत रहेको मलङ्गवामा अवैधरुपमा सञ्चालित ११ वटा स्वास्थ्य संस्था शिल गरिएको हो । सदरमुकाम मलङ्गवामा अवैध स्वास्थ्य संस्थाको बिगबिगी रहेको जनगुनासो बढेपछि बिहीबार जिल्ला प्रशासन,कोष तथा लेखा नियन्त्रक,स्वास्थ्य,नगरपालिका, प्रादेशिक अस्पताल र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगन्जको टोलीले संयुक्त रुपमा अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा अवैध ढङ्गले सञ्चालित स्वास्थ्य संस्था शिल गरिएको सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिए । अनुगमन टोलीले सर्लाही पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर, ठाकुर सेवा उपचार, कल्याण हेल्थ केयर,सिद्धि गणपति पोलिक्लिनिक, प्रेमा हेल्थ केयर सेन्टर, अन्जली पोलिक्लिनिक, महतो क्लिनिक, निलम फार्मेसी, माली मेडिकल, जय माँ सुनैना हेल्थ केयर, लाइफ लाइन मेडिमेयर पोलिक्लिनिक र नाम नभएको एउटा अल्ट्रासाउण्ड गर्ने क्लिनिक बन्द गराएका सहायक प्रजिअ घिमिरेले जानकारी दिए ।

# धनुषा–सिरहा जोड्ने कमला पुल नयाँ निर्माणको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले धनुषा र सिरहा जोड्ने कमला पुल नयाँ निर्माण गर्ने तयारी अघि बढाएको छ ।

मुख्यमन्त्री कृष्णा प्रसाद यादवले जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलपछि हाल मर्मत भइरहेका कमला पुल पर्याप्त टिकाउ नदेखिएकाले नयाँ पुल नै निर्माण गर्नु उपयुक्त हुने निष्कर्षमा सरकार पुगेको जानकारी दिएका छन् ।

सिरहाबाट आएका नयाँ कमला पुल निर्माण संघर्ष समितिका प्रतिनिधिहरूसँग भएको छलफलपछि मुख्यमन्त्री यादवले प्राविधिक कमजोरीका कारण मर्मत कार्य दीर्घकालीन समाधान नहुने देखिएको बताएका हुन् । हाल केन्द्र सरकारको निर्देशनअनुसार पुल मर्मत भइरहेको भए पनि कामको गति र प्राविधिक अवस्थाका कारण तोकिएको समयभित्र सम्पन्न हुने सम्भावना कम देखिएको बताइएको छ ।

प्रदेश सरकारले नयाँ पुल निर्माणका लागि करिब २०० करोड रुपैयाँ लागत अनुमान गरेको छ। तर यति ठूलो परियोजना सञ्चालन गर्न प्रदेशसँग स्पष्ट कार्यविधि नभएकाले संघीय सरकारसँग समन्वय गरेर अगाडि बढाइने मुख्यमन्त्री यादवले बताएका छन ।

# जिल्ला प्रशासन कार्यालय महोत्तरीमा नयाँ व्यवस्था लागू

**मधेशदृष्टि**
**महोत्तरी ।**
सेवाग्राहीको कामलाई सहज बनाउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले नयाँ व्यवस्था लागू गरेको छ । अब राहदानी बनाउने सेवाग्राहीले आफ्नो घर ठेगानामै राहदानी प्राप्त गर्न सक्ने भएका छन् ।

नेपाल सरकार मन्त्रिपरिषद् को गत चैत १३ गतेको बैठकले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १०० बँदे कार्यसूची अन्तर्गत बुँदा नं. २७ कार्यान्वयन गर्दै उक्त सेवा सुरु गरिएको हो । कार्यालयका अनुसार बैशाख १० गते हिजो देखि नयाँ व्यवस्था लागू भएको हो । अब सेवाग्राहीले राहदानीका लागि आवेदन दिँदा उल्लेख गरेको ठेगानामा नेपाल हुलाक सेवा मार्फत राहदानी पु¥याइने व्यवस्था मिलाइएको छ । यसअघि राहदानी लिन सेवाग्राही आफैं कार्यालय धाउनुपर्ने बाध्यता रहेकामा नयाँ व्यवस्थाले समय, खर्च र झन्झट घटाउने विश्वास गरिएको छ । ग्रामीण क्षेत्रका नागरिकलाई विशेष लाभ पुग्ने विश्वास गरिएको छ । कार्यालयले सेवाग्राहीलाई आवेदन फाराम भर्दा ठेगाना स्पष्ट र सही उल्लेख गर्न भनेको छ ।

# ‘वास्तविक सुकुम्वासीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिन्छ’

**काठमाडौँ।**
सरकारले वास्तविक सुकुम्वासीलाई सुरक्षित स्थानान्तरण गर्ने तयारका साथ आवश्यक प्रक्रिया अगाडि बढाउने भएको छ । शुक्रबार उपत्यकाभित्रको अव्यवस्थित बस्ती हटाउने विषयमा सहरी विकासमन्त्री सुनील लम्सालको अध्यक्षमा मन्त्रालयमा बसेको विभिन्न निकाय र सरोकार भएका पक्षको बैठकले बस्ती खाली गराउने सन्दर्भमा माइकिङ गरिसकेपछि सुरक्षित आश्रयस्थलसम्म लैजाने निर्णय गरेको हो।

बैठकले जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट जारी भएको सूचना बमोजिम प्रचारप्रसारका कार्यहरू गर्ने, बस्ती खाली गर्ने सन्दर्भमा माइकिङ गर्दै पूर्वसूचना दिँदै संरचना भत्काउनुपूर्व ती स्थान खाली गराउनेतर्फ जोड दिने निर्णय गरेको छ।

‘जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सूचना एवं माइकिङ बमोजिम वैशाख १२ र १३ गते सुकुम्वासी बस्तीका अवैध संरचना हटाउने, भत्काउने र खाली गर्ने कार्यका लागि आवश्यक पर्ने उपकरण तथा अन्य सामानका लागि उक्त कार्यालयबाट पत्राचार भएबमोजिमका निकायबाट आवश्यक प्रबन्ध तत्काल गरिने छ,’ निर्णयमा भनिएको छ, ‘मानवीय सहयोग उपलब्ध गराउँदै सामानको ढुवानी, अशक्त, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा र दीर्घरोगीलाई प्राथमिकताका साथ उद्धार गरी सुरक्षित रूपमा तोकिएको आश्रयस्थलसम्म वा आवश्यकतानुसार अस्पतालसम्म पु¥याउने व्यवस्था मिलाउने निर्णय भएको छ।’

यस कार्यका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक एम्बुलेन्स, चिकित्सकको समूह (मेडिकल टिम) को समेत व्यवस्था गर्ने र सामान ढुवानीका लागि आवश्यक पर्ने सवारीसाधन र मानिसलाई सुरक्षितस्थलसम्म लिएर जान सवारीसाधनको बन्दोबस्त गृह मन्त्रालयको समन्वयमा गर्ने निर्णय भएको छ।

यसैगरी बस्तीहरूबाट मानिसहरूलाई पहिलो आश्रयस्थलमा ओसारपसार गरेपछि उक्त स्थलमा खाना, खाजा, पानीको व्यवस्था काठमाडौँ महानगरपालिकाले गर्ने र मेडिकल टिमसहितको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने मन्त्रालयले निर्णय गरेको मन्त्री लम्सालको सचिवालयले जनाएको छ । ‘पहिलो आश्रयस्थलबाट तोकिएका विभिन्न स्थलमा लगेर अल्पकालीन रूपमा बसोबासको प्रबन्ध मिलाइनेछ । उक्त स्थानमा आवश्यक पर्ने दैनिक उपभोग्य सामग्री, पानीलगायत अत्यावश्यक सामग्री आपूर्ति व्यवस्था मिलाउने कार्य सहरी विकास मन्त्रालयले गर्नेछ,’ निर्णयमा भनिएको छ, ‘यसरी व्यवस्थापन गरिएका बसोबासका क्षेत्रमा प्रत्येक परिवारका लागि प्रमाणीकरण गरिने र निजहरूलाई फोटोसहितको परिचयपत्र वितरण गरिने छ। प्रमाणीकरण हुन नसकेका व्यक्तिलाई क्रमशः उक्त स्थानबाट बिदा गर्ने कार्य सहरी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिने छ।’

निर्णयअनुसार बस्ती खाली भइसकेपछि उक्त स्थानको भत्केका संरचनाहरू हटाउने, ट्र्याक खोल्ने र अन्य आवश्यक पूर्वाधार तयारी गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयले तत्काल सुरु गर्नेछ । अग्रपङ्क्तिमा रही माइकिङ गर्ने, सूचना दिने, बस्ती खाली गराउने तथा मानवीय सहायताका लागि आवश्यक पर्ने व्यक्तिको पहिचानलगायत कार्य काठमाडौँ महानगरपालिकाले गर्ने र यका लागि आवश्यक सुरक्षा प्रबन्ध जिल्ला सुरक्षा समितिले मिलाउने निर्णय भएको सहरी विकासमन्त्री लम्सालको सचिवालयले जनाएको छ । ती निर्णयहरू बमोजिमका कार्य गर्न केन्द्रीय समन्वय समितिका रूपमा समिति गठन गर्ने र उक्त समितिले समन्वय, निर्देशन, आवश्यक नीतिगत निर्णय र साधनस्रोतको व्यवस्थासमेतका विषयलाई तत्काल सम्बोधन गर्ने बैठकले निर्णय गरेको मन्त्री लम्सालको सचिवालयले जनाएको छ।

सचिवालयका अनुसार सहरी विकासमन्त्री लम्साल संयोजक र काठमाडौँ महानगरपालिकाका प्रमुख, गृह मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, सहरी विकास मन्त्रालयका सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित विषय हेर्ने सचिव सदस्य रहनेगरी समिति गठन गर्ने निर्णय भएको छ। रासस

# इरान–अमेरिका वार्तामा बस्ने तयारीले तेलको मूल्यमा गिरावट

**काठमाडौँ ।**
मध्यपूर्व वार्ताको दोस्रो चरणको वार्ता फेरि सुरु हुने निश्चित भएसँगै शुक्रबार तेलको मूल्यमा गिरावट आएको छ । पाकिस्तानको मध्यस्थतामा इस्लामावादमा हुनेगरी तय गरिएको वार्ताका लागि इरानी विदेशमन्त्री अव्वास अराघची पाकिस्तान प्रस्थान गर्ने इरानी सञ्चारमाध्यमले पुष्टि गरेसँगै तेलको मूल्यमा गिरावट आउन थालेको हो ।

अमेरिका–इजरायलले इरानविरूद्ध आक्रमण गरेपछि इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधार शिविर र अन्य संरचनामा समेत आक्रमण गरेपछि मध्यपूर्वमा तनाव चर्किएको थियो ।

अमेरिकी आक्रमणमा तत्कालिन इरानी सर्वोच्च नेता अली खामेनी र कैयौँ इरानी नेता तथा सैन्य कमाण्डरले ज्यान गुमाएका छन् ।

मध्यपूर्व तनावले विश्वव्यापी ऊर्जा ढुवानीलाई अस्तव्यस्त बनाएको छ । इरानको हर्मुज घाँटी भएर हुने इन्धन ढुवानीले विश्वको इन्धन मागको करिब २० प्रतिशत मागलाई धान्ने गर्छ । इरानी नेता अराघचीको पाकिस्तान भ्रमणको घोषणाले युद्धको अन्त्यको सम्भावनालाई बढावा दिएको छ ।

तेहरानले स्ट्रेट अफ होर्मुज बन्द राखेको र अमेरिकाले इरानी बन्दरगाहमा नाकाबन्दी कायम राखेपछि मध्यपूर्वको सङ्कट अन्त्य गर्ने पहिलो चरणको वार्तामा कुनै प्रगति नभएपछि लगानीकर्ताहरूलाई चिन्तित तुल्याएको थियो, जसले तेलको मूल्य आकासिएको थियो ।

इरानका विदेशमन्त्री अब्बास अराघची शुक्रबार राति इस्लामाबाद आउने भएको रिपोर्टपछि तेलको मूल्यमा सामान्य गिरावट देखिएको हो ।

भ्रमणको घोषणासँगै कच्चा तेलको मूल्यका लागि अन्तर्राष्ट्रिय महत्त्वपूर्ण सम्झौता प्रति ब्यारेल १०० डलरभन्दा तल झरेको छ ।

संयुक्त राज्य अमेरिका र इरानबीच प्रत्याशित दोस्रो चरणको वार्ताको लागि पाकिस्तानले राजधानीमा तयारी गरिरहेको छ, तर अराघची र उहाँसँग आएको प्रतिनिधिमण्डलले कुनै अमेरिकी अधिकारीहरूलाई भेट्ने वा नभेट्ने भन्ने स्पष्ट गरिसकिएको छैन । इजरायल र लेबनानले तीन हप्ताको लागि युद्धविराम थप्न सहमति जनाएपछि पनि वार्ताको भावनालाई बढावा दिएको थियो । वाल स्ट्रिटका तीन मुख्य सूचकांकहरू न्यूयोर्कमा कारोबार खुला हुँदा उच्च भएका थिए भने चढ्यो, नास्डेक कम्पोजिटको मूल्यमा ०.७ प्रतिशतले वृद्धि भएको थियो ।

विश्वव्यापी शेयर बजारले हालसालै युद्धको सुरूवातमा उनीहरूले भोगेको भारी घाटा पुनः प्राप्त गर्न सफल भएका छन्, पहिलो त्रैमासिक आयले धेरै बिषयहरूमा अनुमानलाई विफल भएको पुष्टि गरेको छ । एजेन्सी

# स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज बचत तथा ऋण सहकारी संस्था लिमिटेड (विस्को) ले आफ्नो २८औँ वार्षिकोत्सवका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ३० जनाले रक्तदान गरेका छन् । शुक्रबार आयोजित उक्त कार्यक्रममा तीन महिलासहित ३० जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजले जनाएको छ।

रक्तदान गर्नेहरूमा गीता पौडेल, वर्षा शाक्य, युबराज खड्का, दीपेन्द्र साह, कृष्ण पटेल, विजयलाल नकर्मी, आशिष पौडेल, हिमांशु गुप्ता, नरेश चौधरी, राकेश कुमार गुप्ता, मदन पटेललगायत रहेका छन् । संस्थाका अध्यक्ष डिल्ली बिक्रम कार्की को अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका प्रबन्धक बृजेश गुप्ता, सचिव ललिता आमात्य तथा नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्तालगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममार्फत सहकारी संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत रक्त अभाव न्यूनीकरणमा सहयोग पु¥याउने उद्देश्य राखेको जनाएको छ।

# लागूऔषध सहित एकजना पक्राउ



**राकेश यादव**
**रौतहट।**
रौतहट जिल्लाको गौर नगरपालिका वड़ा नम्बर २ गौर भन्सार कार्यालय नजिकबाट सशस्त्र प्रहरीको टोलीले ठूलो मात्रामा लागू औषध सहित एक जनालाइ पक्राउ गरेको छ । सिमावर्ती बाजार भारतको बैरगनियाबाट नेपाली नम्बरको ऑटो इरिक्सामा लुकाएर नेपालमा ल्याउदै गरेको अवस्थामा भन्सार कार्यालय नजिक खटिएका सशस्त्र प्रहरीको टोलीले चेकजाच गर्ने क्रममा उक्त परिणाम बरावरको लागू औषध फेला पारेको हो।

मधेश प्रदेश ०३ ००३ ह १११० नम्बरको अटो जिल्ला रौतहट, गौर न.पा. २ भन्सार बेरियरमा शंका लागी चेकजाचँ गर्दा सवारी चालकको सिटमुनि एक सानो कार्टुन भित्र कालो रंगको ३ वटा अलग अलग प्लाष्टिकको झोलामा पोका पारी लुकाई छुपाई ल्याउँदै गरेको अवस्थामा डायजेपाम इंजेक्शन एप २ एमएल –१०० पिस, प्रोमेथाज़ ne हाइड्रोक्लोराइड इन्जेक्शन २ एमएल–१०० पिस, बुप्रेनोरफिने इंजेक्शन इप २ एम् एल–१०० पिस र गाजा जस्तो देखिने वस्तु – अं. ५ ग्राम फेला परेको सशस्त्र प्रहरी बल नेपाल नंबर ११ गण हेडक्वाटर रौतहटले जनाएको छ।

लागूऔषध सहित पक्राउ परेका अटो चालक जिल्ला रौतहट राजदेवी न.पा.–७ मुडवालबा बस्ने भागरित पण्डितको छोरा अं. वर्ष २० को मोहन पण्डितलाई निजको साथमा रहेको नेपाली रुपैया रु. ४९०, भारतिय रुपैया भा.रु. १००, एण्ड्रोएड मोबाईल १ थान र अटो सहित निजलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय गौरमा बुझाइएको छ।

# विवाहमा २५ हजार बराबरको सामाग्री सहयोग

**मधेशदृष्टि**
**कलैया।**
कानु युथले बारा जिल्लाको कलैया उपमहानगरपालिका–३ भवानीपुर निवासी आर्थिक रूपमा कमजोर एक कुर्मी परिवारलाई विवाह कार्यक्रमका लागि २५ हजार रुपैयाँ बराबरको खाद्य सामग्री सहयोग गरेको छ।

उक्त परिवारकी छोरीको वैशाख १२ गते हिन्दु परम्परा अनुसार विवाह हुने तयारी भइरहेका बेला आर्थिक अभावका कारण समस्या उत्पन्न भएपछि कानु युथ वीरगंजले आवश्यक खाद्य सामग्री उपलब्ध गराएको हो।

सहयोग सामग्री अन्तर्गत चामल २ बोरा, मसुरो २० किलो, चिनी २० किलो, आलु १ बोरा, प्याज २० किलो, रिफाइन तेल १ जार, सरसो तेल १ टिन, मैदा २० किलो, बेसन १० किलो, ग्यास २ सिलिन्डर तथा हरियो तरकारी लगायतका सामग्री प्रदान गरिएको कानु युथका सचिव श्रवण साहले जानकारी दिए।

सो अवसरमा कानु युथका अध्यक्ष मनोज साह, सदस्य देवेन्द्र साह कानु, कानु समाज बाराका रमेश साह कानु, अजय साह लगायतको उपस्थिति रहेको थियो।

# सिरहामा केही दिनदेखि अत्यधिक गर्मी

**मधेशदृष्टि**
**सिरहा।**
सिरहा जिल्लामा पछिल्ला केही दिनदेखि अत्यधिक गर्मी तथा तातो हावाको लहर (लू) चल्ने क्रम जारी छ । गर्मीले जनजीवन प्रभावित हुन थालेपछि जिल्ला प्रशासन कार्यालय सिरहाले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन र अनावश्यक घरबाहिर ननिस्किन आग्रह गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले आज सूचना जारी गरी बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगी व्यक्तिहरू बढी जोखिममा पर्ने भएकाले अनावश्यक रूपमा घरबाहिर ननिस्कन आग्रह गरेका हुन् । अत्यावश्यक कामका लागि बाहिर जानुपरेमा छाता ओढ्न, टोपी लगाउन वा कपडाले टाउको ढाक्न आग्रह गरिएको छ।

प्रशासनले शरीरमा पानीको कमी हुन नदिन प्रशस्त मात्रामा सफा पानी तथा झोलिलो पदार्थ (जुस, लस्सी, सर्वत आदि) सेवन गर्न पनि भनेको छ। हल्का, पातलो तथा सुती कपडा लगाउन र लामो समयसम्म घाममा बस्ने वा काम गर्ने गतिविधि घटाउन पनि सुझाव दिइएको छ।

सकेसम्म चिसो तथा हावायुक्त स्थानमा बस्न र घरपरिवारभित्रका बालबालिका, वृद्ध तथा बिरामी व्यक्तिहरूको विशेष हेरचाह गर्न प्रशासनले आग्रह गरेको छ।

# वीरगंज महानगरमा शुक्रबार शोक विदा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले शुक्रबार शोक विदा दिएको छ । महानगरपालिकामा कार्यरत सरसफाइकर्मी कृष्ण मेस्तर्नीको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै शोक विदा घोषणा गरिएको हो। मेस्तर्नीको यही बैशाख ४ गते निधन भएको थियो।

उनी २०६४ साल पुस ९ गतेदेखि महानगरपालिकामा स्थायी रूपमा कार्यरत थिइन्। महानगरपालिकाले दिवंगत मेस्तर्नीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ। उनको सम्झनामा शुक्रबार बिहान १०:३० बजे महानगरपालिकाको प्रांगणमा शोक सभा आयोजना गरिएको थियो।

उक्त कार्यक्रममा महानगर प्रमुखको उपस्थितिमा प्रशासन प्रमुख शुनिल कुमार कर्ण तथा अन्य कर्मचारीहरूको सहभागिता थियो। दिवंगत मेस्तर्नीको शोक सम्मानमा आज महानगरपालिका अन्तर्गतका अत्यावश्यक सेवाबाहेक सबै सेवाहरू बन्द रहेको प्रशासन प्रमुख कर्णले जानकारी गराएका छन्।

# वीरगंज महानगरको अवैध कर असुलीमा अदालतको रोक



**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य बुद्धिप्रसाद पन्त (हरी पन्त)ले उठाउँदै आएको जनहितसम्बन्धी मुद्दाले अन्ततः कानुनी सफलता पाएको छ । वीरगंज महानगरपालिकाले राष्ट्रिय कानुन विपरित कर असुल्दै आएको विषयमा दायर गरिएको रिट निवेदनमा उच्च अदालत जनकपुरको अस्थायी इजलास, वीरगंजले महत्वपूर्ण आदेश जारी गर्दै महानगरको कर संकलन अभ्यासमा रोक लगाएको हो ।

शुक्रबार न्यायाधीश अर्जुन अधिकारी र दुर्गाप्रसाद ढुङ्गेलको संयुक्त इजलासले महानगरपालिकालाई आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर कर नउठाउन स्पष्ट निर्देशन दिएको छ । अदालतको आदेशअनुसार अब राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गमा सवारी साधनबाट कुनै पनि प्रकारको कर संकलन गर्न पाइने छैन ।

यो मुद्दा प्रभु कन्स्ट्रक्सनले वीरगंज महानगरपालिकाविरुद्ध वैशाख ४ गते दायर गरेको निषेधाज्ञा निवेदनसँग सम्बन्धित थियो। सो निवेदनमाथि सुनुवाइ गर्दै अदालतले महानगरले कर उठाइरहेका १८ स्थानमध्ये १३ स्थान, जसमा मुख्य राजमार्गहरू समेत पर्छन्, तत्काल बन्द गर्न आदेश दिएको हो ।

सांसद पन्तले लामो समयदेखि महानगरले कानुनको दायराभन्दा बाहिर गएर कर असुली गरिरहेको विषयमा निरन्तर प्रश्न उठाउँदै आएका थिए । उनले सर्वोच्च अदालतका पूर्व आदेश, मन्त्रिपरिषद्का निर्णय तथा गृह मन्त्रालयका निर्देशन समेत बेवास्ता गरिएको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए । उनकै निरन्तर पहलपछि स्थानीय प्रशासनले चासो देखाएको र अन्ततः विषय अदालतसम्म पुगेको मानिएको छ । अदालतको यो निर्णयलाई कानुनी शासन सुदृढ गर्ने कदमका रूपमा लिइएको छ, जसले सवारी साधनमा अनावश्यक आर्थिक भार घट्ने अपेक्षा गरिएको छ ।

मुद्दामा निवेदक पक्षका तर्फबाट अधिवक्ताहरू सुधीर कर्ण र अभिनय गुप्ताले बहस गरेका थिए भने महानगरको पक्षमा अधिवक्ता ईश्वर बरालले प्रतिरक्षा गरेका थिए । सांसद पन्तका तर्फबाट अधिवक्ताहरू मेराज मियाँ र चन्द्रिका प्रसाद पटेलले बहस पैरवी गरेका थिए । सार्वजनिक सरोकारको विषय भएकाले सांसद पन्त स्वयं पनि इजलासमा उपस्थित भई आफ्नो धारणा राखेका थिए ।

# भत्किएका संरचनामा व्यवसाय चलाए कारबाही हुने

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा सडक विस्तारका क्रममा भत्काइएका घर–टहरामा व्यवसाय सञ्चालन नगर्न जिल्ला प्रशासन कार्यालयले कडा निर्देशन जारी गरेको छ । प्रशासनले जोखिमपूर्ण संरचनामा व्यापारिक गतिविधि जारी राख्दा मानवीय तथा भौतिक क्षतिको सम्भावना बढ्ने भन्दै यस्तो चेतावनी दिएको हो ।

सडक डिभिजन कार्यालय हेटौंडाको कार्यक्रमअन्तर्गत मितेरी पुलदेखि गण्डक चोकसम्मको क्षेत्रमा पर्ने घर–टहराहरू भत्काउने काम भइरहेको छ । अधिकांश घरधनीहरूले स्वस्फूर्त रूपमा संरचना हटाइसकेपनि केही स्थानमा भत्काइएका वा जोखिमयुक्त अवस्थामा रहेका घर–टहरामा अझै पनि व्यवसाय सञ्चालन भइरहेको पाइएको प्रशासनले जनाएको छ ।

यस्ता जोखिमयुक्त संरचनामा व्यापार–व्यवसाय सञ्चालन गर्दा कुनै पनि बेला दुर्घटना हुन सक्ने र त्यसबाट हुने क्षतिको जिम्मेवारी सम्बन्धित घरधनी स्वयंले वहन गर्नुपर्ने प्रशासनको स्पष्ट चेतावनी छ । साथै, प्रचलित कानुनअनुसार कारबाहीसमेत हुने उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले जोखिमयुक्त घर–टहरामा काम गर्ने मजदुर तथा सर्वसाधारणको सुरक्षालाई उच्च प्राथमिकतामा राख्न सबै सरोकारवालासँग आग्रह गरेको छ । जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार यस्तो सूचना जारी गरिएको प्रशासनले जनाएको छ ।

प्रशासनले सबैलाई सचेत रहन, जोखिमयुक्त संरचनामा कुनै पनि प्रकारको व्यापारिक गतिविधि नगर्न र सम्भावित दुर्घटना रोक्न सहयोग गर्न अनुरोध गरेको छ ।

# विद्यालय भवन निर्माण सुरु

**सिरहा।**
विद्यालय भवनको अभाव र जीर्ण अवस्थालाई मध्यनजर गर्दै यहाँको लहान नगरपालिकाले गैरसरकारी संस्था ‘विल्डअन’ नेपालसँगको सहकार्यमा एकैपटक पाँच वटा आधारभूत विद्यालयका भवन निर्माण कार्यलाई तीव्रता दिएको छ।



लहान–१५ स्थित राजदेवी आधारभूत विद्यालय र सोभापुरको बाबा सन्यासी आधारभूत विद्यालयमा तीन कोठे भवन तथा दुई कोठे शौचालय निर्माणको विल्डअनकी केन्द्रीय निर्देशक निर्मला चौधरी र लहानका नगरप्रमुख महेशप्रसाद चौधरीद्वारा संयुक्त रूपमा शिलान्यास गरिएको छ । भवन निर्माणका लागि संस्था, नगरपालिका र स्थानीय समुदायबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरिएको छ।

यसअघि गत चैतमा लहानको वडा नं १, २ र ४ को क्रमशः आधारभूत विद्यालय सिंगराही मटियर्वा, भानु आधारभूत विद्यालय र मधेश सहिद विजय सहनी आधारभूत विद्यालय भवनको शिलान्यास भइसकेको छ । विल्डअन नेपालले सन् २०२६ भित्र मधेश प्रदेशमा कूल ४० वटा आधारभूत विद्यालयका भवन निर्माण गर्ने लक्ष्य राखेको छ, जसमा सिराहामा मात्र २० वटा भवन बनाइने योजना छ।

ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले भवन निर्माणमा सहयोग गरिएको बताउँदै निर्देशक निर्मला चौधरीले भने,विद्यालय भवन अभाव, जीर्ण अवस्था र विद्यार्थी सङ्ख्यालाई ध्यानमा राखेर हामीले भवन निर्माणमा सहयोग गर्दै आएका छौँ। लहानबाट यो अभियान सुरु भइसकेको छ र अन्य स्थानमा विद्यालय व्यवस्थापन समिति र प्रशासनसँग छलफल भइरहेको छ।

उनले निर्माण कार्य तीन महिना १६ दिनभित्र सम्पन्न गर्ने लक्ष्य रहेको र यी आयोजना सकिएपछि वार्षिक रूपमा थप भवनहरू बनाउँदै लैजाने जानकारी दिएका छन् । भवन निर्माणका लागि प्रतिविद्यालय अनुमानित रु ४९ लाख ९८ हजार रूपैयाँ लागत लाग्नेछ, जसमा संस्थाले रु ३३ लाख ९७ हजार र नगरपालिकाले रु १५ लाख योगदान गर्नेछन्।

निर्माण कार्यमा छड, सिमेन्ट र फर्निचरजस्ता सामग्री संस्थाले उपलब्ध गराउनेछ भने स्थानीय तहले बालुवा, गिट्टी र ढुङ्गाको व्यवस्था गर्नेछन् । स्थानीय समुदायको अपनत्व र दिगोपना सुनिश्चित गर्न जनश्रमदानलाई अनिवार्य गरिएको छ। विद्यालय छनोटका लागि न्यूनतम १२० जना विद्यार्थी सङ्ख्या हुनुपर्ने मापदण्ड राखिएको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीले शैक्षिक क्षेत्रमा संस्थाले पु¥याएको योगदानप्रति आभार व्यक्त गर्दै भने, सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारविना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । यस प्रकारको साझेदारीले शिक्षाको स्तर उकास्न सहयोग पुग्नेछ । नगरपालिकाको तर्फबाट आवश्यक स्रोतसाधन र सहकार्यमा कुनै कमी हुन दिइने छैन।

अमेरिकी अन्तरराष्ट्रिय गैरनाफामूलक संस्था ‘विल्डअन’ ले विकासोन्मुख देशहरूमा विद्यालय पूर्वाधार निर्माण गर्ने आफ्नो अभियानअन्तर्गत हालसम्म नेपालका सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायतका क्षेत्रमा ४५७ वटा विद्यालय भवन निर्माण गरिसकेको छ भने हाल बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थप १५ वटा भवनहरू निर्माणाधीन रहेका छन् । सन् १९९४ देखि विद्यालय संरचना निर्माण र साक्षरता अभियानमा निरन्तर सक्रिय रहँदै आएको यस संस्थाले समाज कल्याण परिषद्बाट अनिवार्य स्वीकृति लिएर मात्र आफ्नो निर्माण प्रक्रिया अगाडि बढाउने गरेको छ।

संस्थाका स्वयंसेवकहरू प्रत्यक्ष रूपमा फिल्डमा खटिएर स्थानीय समुदायसँगको घनिष्ठ सहकार्यमा निर्माण कार्य सम्पन्न गर्ने शैली अपनाउँदै आएको जानकारी गराइएको छ। रासस

# पर्सामा भन्सार छलीका २२ इलेक्ट्रिक स्कुटर बरामद

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्सामा सशस्त्र प्रहरीले भन्सार छली गरेर नेपाल भित्र्याउन लागिएका २२ थान इलेक्ट्रिक स्कुटर बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण, पर्साबाट खटिएको टोलीले बिहीबार जिल्लाका विभिन्न सीमावर्ती नाकामा निगरानीका क्रममा ती स्कुटरहरू नियन्त्रणमा लिएको हो ।



सशस्त्र प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका–१६ स्थित मुख्य भन्सार नाकाबाट १४ थान, वीरगञ्ज–२५ को सिर्सिया नाकाबाट ७ थान र बिन्दवासिनी गाउँपालिका–५ प्रसौनीभाठा नाकाबाट १ थान स्कुटर फेला पारिएको हो । अवैध रूपमा स्कुटर भित्र्याउने प्रयासमा संलग्न व्यक्तिहरू सुरक्षाकर्मीलाई देख्नासाथ फरार भएका छन् भने उनीहरूको खोजी तीव्र पारिएको छ ।

बरामद गरिएका स्कुटरहरूको अनुमानित मूल्य करिब १७ लाख ३० हजार रुपैयाँ रहेको जनाइएको छ । ती स्कुटरहरू आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण, पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिएका छन् ।

## सम्पादकीय

# भारतीय सीमामा देखिएको तनाव र नेपाल–भारत सम्बन्ध

नेपाल सरकारले भारतीय सीमाबाट १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार शुल्क अनिवार्य गर्ने नियमलाई कडाइका साथ लागू गरेपछि नेपाल–भारत सीमावर्ती क्षेत्रमा नयाँ तनाव उत्पन्न भएको छ। यो कदमले सीमापार व्यापार र जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ, जसले गर्दा दुई देशबीचको सदियौँदेखिको खुला सीमा सम्बन्धमा दरार आउने चिन्ता बढेको छ । यस नीतिको कार्यान्वयनले सीमावर्ती बजारको व्यापारमा ७० प्रतिशतसम्म गिरावट आएको प्रारम्भिक रिपोर्टहरूले देखाएका छन्, जसले स्थानीय अर्थतन्त्रमा गहिरो असर पारेको छ।

सरकारले यो नियम राजस्व संकलन बढाउन र नेपाली बजारलाई प्रवद्र्धन गर्ने उद्देश्यले लागू गरेको देखिन्छ। यद्यपि, यो प्रावधान नयाँ नभई पुरानै कानूनको कडाइका साथ कार्यान्वयन मात्र भएको अधिकारीहरूको भनाइ छ । नेपालको आन्तरिक उत्पादन र व्यापारलाई प्रोत्साहन गर्न यस्ता नीतिहरू आवश्यक हुन सक्छन्, तर यसको कार्यान्वयनको तरिकाले तत्कालै सीमावर्ती बासिन्दाहरूलाई समस्यामा पारेको छ । खुला सीमाको फाइदा उठाउँदै दैनिक उपभोग्य वस्तुहरू किनमेल गर्ने सर्वसाधारण र साना व्यापारीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्।

यस नीतिको सबैभन्दा ठूलो मार सीमावर्ती क्षेत्रका बासिन्दाहरूमा परेको छ। दैनिक उपभोग्य वस्तुका लागि भारतीय बजारमा निर्भर रहने नेपालीहरूले अब भन्सार शुल्क तिर्नुपर्ने वा किनमेलका लागि टाढा जानुपर्ने बाध्यता सिर्जना भएको छ । यसले उनीहरूको जीवनयापनमा असहजता ल्याएको छ र आर्थिक संकट निम्त्याएको छ। भारतीय सीमा बजारहरूमा नेपाली ग्राहकहरूको संख्यामा उल्लेख्य कमी आएको छ, जसले गर्दा ती बजारहरूमा पनि व्यापार सुस्ताएको छ। यसले दुवैतर्फका सीमावर्ती समुदायहरूको आर्थिक सम्बन्धमा नकारात्मक असर पारेको छ।

नेपाल र भारतबीचको सम्बन्ध केवल व्यापारिक मात्र नभई धार्मिक, सांस्कृतिक र भावनात्मक रूपमा पनि गहिरो छ। खुला सीमाले दुई देशका जनताबीचको सम्बन्धलाई मजबुत बनाएको थियो। तर, १०० रुपैयाँभन्दा बढीको सामानमा लगाइएको करले यो सम्बन्धमा चिसोपना ल्याउन सक्ने जोखिम छ।

यद्यपि सरकारको निर्णय नेपाली बजारलाई प्रवद्र्धन गर्ने दिशामा राम्रो भए पनि, यसको कार्यान्वयनले तत्कालै समस्या सिर्जना गरेको छ र यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा समेत सूक्ष्म प्रभाव पार्न सक्छ।

अतः, सरकारले यो नीतिको दीर्घकालीन प्रभाव र सीमावर्ती जनतामा परेको असरबारे गम्भीरतापूर्वक विचार गर्नुपर्छ। नेपाली बजारलाई प्रवद्र्धन गर्ने र राजस्व बढाउने उद्देश्य सराहनीय भए पनि, यसको कार्यान्वयनलाई थप व्यावहारिक र जनमैत्री बनाउन आवश्यक छ। सीमावर्ती बासिन्दाहरूको समस्यालाई सम्बोधन गर्न र नेपाल–भारत सम्बन्धमा नकारात्मक असर पर्न नदिनका लागि वैकल्पिक उपायहरू खोज्नुपर्छ।

यसका लागि दुवै देशका अधिकारीहरूबीच संवाद र समन्वय अपरिहार्य देखिन्छ, ताकि नीतिगत सुधारमार्फत समस्याको समाधान खोज्न सकियोस्।

# गर्भवती, प्रसव र सुत्केरीलाई घरदेखि अस्पतालसम्मै छ हिंसा

– मधु शाही/रासस

**यो कोठा कहाँ पर्छ ?**
**मैले अस्पतालको कर्मचारीलाई सोधेँ।**
**जवाफ आयो, 'उ त्यहाँनिर।'**

मैले पत्ता लगाउन सकिन र फेरि सोधेँ। अर्को पटक मुखैमा नहेरी उहाँले फेरि उ क्या त्यहीँनिरै भन्नुभयो। मैले दोस्रो पटक पनि देखिन। तेस्रोपटक सोध्दा ती अस्पतालका कर्मचारीले झर्किंदै भने, 'ओ बहिनी के हो ? कान सुनिदैन कि क्या हो ?'

अघिल्लो बुधबार काठमाडौँको थापाथलीस्थित प्रसूति गृहबाट डिस्चाज भएकी एक सुत्केरी आमाले काखमा नवजात शिशु समाउँदै वर्ष दिनअघिको त्यो यो क्षणको स्मरण गर्नुभयो। यो क्षण सम्भवतः उहाँले जीवनमा धेरै पछिसम्म पनि भुल्न सक्नुहुन्न होला। उहाँका अनुसार त्यो दिन गर्भवती भएको पहिलोपटक अस्पताल जाँचको लागि आउनुभएको थियो।

अस्पतालमा कुन कोठा कहाँ छ सुरुमा थाहा नहुनु स्वभाविकै हो। त्यही पनि आफू जनकपुरको बासिन्दा भएकाले नेपाली भाषा स्पटसँग बोल्न र बुझ्न पनि समस्या भएको उहाँले सुनाउनुभयो।

नेपाली भाषा बुझ्न बुझाउन गाह्रो भएर ती कर्मचारीले गतिलो व्यवहार नगरेको हो कि भन्ने उहाँ अनुमान लगाउनुहुन्छ। यद्यपि, जुन व्यवहार भयो त्यसले उहाँको आत्मसम्मानमा ठूलो चोट पुगेको अनुभूति उहाँलाई अहिले पनि भइरहेको छ। उहाँले भन्नुभयो, 'गर्भवती जाँच गर्न आएको पहिलो दिन मनमा एक प्रकारको डर थियो। त्यसमा पनि त्यो कर्मचारी झर्किएको देखेर मन दुःखी बनाउँदै अस्पतालदेखि घर फर्किएकी थिएँ।'

गर्भवती, प्रसव (बच्चा जन्माउने क्रमको अवस्था), प्रसवोत्तर (बच्चा जन्माएपछिको अवस्था) गरी तीन चरणमा घरदेखि अस्पतालसम्म महिलामाथि गरिने हिंसा उच्च रहेको पाइएको विभिन्न अध्ययनहरूले देखाएका छन्। महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले हालै गरेको एक अध्ययनमा पनि परिवारका सदस्य, श्रीमानदेखि अस्पतालका सेवा प्रदायकले गरेको दुव्र्यवहार, हिंसा र अधिकार उल्लङ्घनको तथ्याङ्क सार्वजनिक गरेको छ। अनुसन्धानका क्रममा पीडित महिलाहरूले आफूमाथि भएको दुव्र्यवहारको प्रकृति खुलाएका छन्।

मञ्चले नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुव्र्यवहार, हिंसा र अधिकार उल्लङ्घनसम्बन्धी तथ्य–अन्वेषण अध्ययन गरेको हो। अध्ययनमा सात प्रदेशका १४ जिल्लामा २८ पालिकाका गर्भवती, प्रसव, प्रसवोत्तर गरी एक हजार ६८० जनासँग अन्तर्वार्ता लिएको थियो। अनुसन्धानले गर्भवती अवस्थामा ३८.८ प्रतिशत, प्रसव अवस्थामा ३७.९ प्रतिशत र प्रसवोत्तरमा ३५.९ प्रतिशतले हिंसा भोग्नु परेको निस्कर्ष निकालेको छ।

अध्ययनमा १७.१ प्रतिशत गर्भवतीले स्वास्थ्य र सेवासम्बन्धी प्रश्न तथा जिज्ञासाहरूलाई सेवा प्रदायकले गम्भीरतापूर्वक नलिएको अनुभव सुनाएका छन्। यस्ता अनुभव गर्ने महिलाहरूमा गण्डकी, बागमती र लुम्बिनी प्रदेशका महिलाहरूमा बढी पाइएको छ। स्वास्थ्य संस्थामा बच्चा जन्माउँदा १२.३ प्रतिशत महिलाहरूले आवश्यक सहयोग चाहिएको बेलामा सेवा प्रदायकले एक्लै छाडिदिएको अनुसन्धानमा उल्लेख छ।

त्यस्तै, ७.९ प्रतिशत महिलाले बच्चा जन्माउने बेलामा सहयोगका लागि अनुरोध गर्दा पनि अस्पताल सेवा प्रदायकबाट कुनै पनि सहयोग नपाएको अनुभव सुनाएका छन्। अध्ययनमा प्रसूतिपछि पैसा तिर्न नसकेर घर नपठाएको भन्नेहरूमा ०.५ प्रतिशत रहेको उल्लेख छ।

अध्ययनमा उल्लेख गरिए अनुसार, लुम्बिनी प्रदेशको सासु समूहले गर्भवती जाँचको लागि अस्पताल जाँदा सेवाप्रदायकले राम्रो व्यवहार नगरेको बताएको छ। 'सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ। अस्पताल त समस्या भएर जाने हो।' साथै, सासू समूहले गर्भवतको गर्भ जाँच गर्दा पनि लापरवाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ। समूहका अनुसार जाँचको लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा 'आज धेरै भिड छ हामीलाई फुर्सद छैन' भनेर धेरैबेर प्रतीक्षा गराउने गरेको अनुभव छ।

**हिंसा र दुव्र्यवहार गर्ने व्यक्तिहरू परिवार, छिमेकीदेखि सेवा प्रदायकसम्मै**

गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य, नातेदार, श्रीमान, छिमेकी र सेवा प्रदायक रहेका छन्। अनुसन्धानले पितृसत्तात्मक सोचको कारण परिवार र छिमेकीबाट हिंसा खेप्नुपरेको कारण उल्लेख गरेको छ भने सेवा प्रदायकहरूले कामप्रतिको संवेदनशीलता नबुझेर दुव्र्यवहार गरेको निश्कर्ष निकालेको छ।

विभिन्न अस्पतालमा सेवा लिने क्रममा सेवा प्रदायकबाट गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसामा पर्ने ६२.१ प्रतिशत रहेको यस अनुसन्धानले खुलाएको छ। त्यस्तै सबैभन्दा बढी ७१.१ प्रतिशत हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य–नातेदार रहेको अनुसन्धानले देखाएको छ। यसमध्ये अध्ययनमा सेवा प्रदायकले सेवा दिने क्रममा सम्मानजनक व्यवहार नगरेको बताउने पीडित ३७.३ प्रतिशत रहेको छ। सेवा प्रदायकले शारिरीक जाँच गर्नुपूर्व सूसुचित सहमति नलिएको बताएका महिलाको संख्या गर्भवतीमा १५.२ र प्रसवोत्तरमा १३.८ प्रतिशत रहेको छ।

अध्ययनमा कोशी प्रदेशका ४० वर्षीया एक महिलाले आफूलाई श्रीमान्ले निरन्तर छोरा जन्माउन दबाब दिइरहेको र अपशब्दहरू प्रयोग गरेर चार–चार जना काम नलाग्ने छोरी जन्माइस् भन्दै मानसिक एवम् शारिरीक यातना दिने गरेको भनाइ उल्लेख छ। यस्तो अवस्थामा महिलाले भावनात्मक, शारीरिक र यौन हिंसा खेप्नु परेको छ। यौन हिंसा भोगका महिलाहरू ४२ प्रतिशत रहेका छन्। १२.२ प्रतिशत शारीरिक हिंसा, भावनात्मक हिंसा ९३.४ प्रतिशत रहेको छ।

मनोचिकित्सक डा. प्रतिष्ठा घिमिरेका अनुसार गर्भवस्था र सुत्केरी अवस्था निकै संवेदनशील हुने भएकाले यतिबेला उहाँहरूलाई घर परिवारदेखि अस्पतालसम्मै सम्मानजनक व्यवहार गरिनुपर्छ। प्रसूति गृहमा सेवा प्रदान गर्नुभएकी घिमिरे हालै मात्रै पाटन अस्पतालमा कार्यरत हुनुहन्छ। प्रसूतिमा हुँदा गर्भवती र सुत्केरीको मनोपरामर्शमा केन्द्रित हुँदाको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, 'गर्भवती वा सुत्केरीले आफ्नो घरको गुनासो सुनाउनुहुन्छ तर, यस्तो बेला हामीले उहाँलाई सुनेर सान्त्वना दिन्थ्यौँ।'

प्रसूति गृहका निर्देशक डा. श्रीप्रसाद अधिकारीले आफू तीन वर्षदेखि प्रसूतिमा निर्देशक भएसँगै अस्पताल परिसरभित्र आएका सबै सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने विषयमा संवेदनशील हुँदै आएको बताउनुभयो। कर्मचारीहरूलाई दिइने विभिन्न तालिमहरूमा सेवाग्राहीप्रति गरिने सम्मानपूर्वक व्यवहार र नम्र आचरणको विकास गर्न अभिमुखीकरण तालिम दिने गरेको डा अधिकारीले सुनाउनुभयो। यति हुँदाहुँदै पनि कम जनशक्तिले धेरै सेवाग्राही एकैचोटी हेर्नुपर्दा, भौतिक संरचनाको अभाव र जनचेतनाको कमीले गर्दा सेवाग्राही र सेवाप्रदायक बीच अपमानजनक व्यवहार हुन पुगेको हुनसक्ने उहाँले स्वीकार गर्नुभयो। उहाँले मानवीय स्वभाव सुधार गरेर नैतिकतामाथि जनचेतना दिँदै व्यवहारमा सुधार ल्याउनुपर्ने उहाँको धारणा छ।

संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको सातौँ आवधिक प्रतिवेदनमा प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरू कार्यान्वयन गर्नु, साथै प्रसूतिसम्बन्धी हिंसा तथा महिला र किशोरीहरू प्रति हुने तथा लैङ्गिक भेदभावको समाधान गर्नु भनि नेपाललाई सुझाव समेत दिएको छ।

सन् २०२१ मा विराटनगरमा भएको एक अध्ययनले पनि संस्थागत रुपमा गर्भवती महिलामाथि गरिने दुव्र्यवहार र हिंसाबारे सुझाव दिएको थियो। यस अध्ययनले सेवा प्राप्तकर्ताको जानकारीसहितको सहमति प्राप्त नगरी चिकित्सकीय प्रक्रिया वा हस्तक्षेपहरू गरिएको नमूना तथ्य निकालेको थियो। सहमतिबिना प्रदान गरिने सेवा शतप्रतिशत रहेको देखिएको छ। असम्मानजनक सेवा ७२.२ प्रतिशत, गोपनीयता उल्लङ्घन गर्दै दिइएको सेवा ६६.६ प्रतिशत, अपेक्षा वा परित्यागको अनुभव ३५.६ प्रतिशत, शारीरिक दुव्र्यवहार (कुटपिट, चट्काउने, चिमोट्ने तथा रुखो व्यवहार) १२.२३ प्रतिशत रहेको तथ्याङ्कले उल्लेख गरेको छ।

विश्व स्वास्थ्य सङ्गठन(डब्लुएओ) र अन्य अन्तरराष्ट्रिय संस्थाहरूले गर्भावस्थामा हुने घरेलु हिंसालाई मानव अधिकारको उल्लङ्घनका रुपमा लिएको छ। डब्लुएओ र अन्य अन्तर्राष्ट्रिय क्लिनिकहरूको दिशानिर्देशहरूमा विश्वभर गर्भवतीमध्ये एक तिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको बताएको छ। त्यस्तै, यो अवस्थामा मातृ मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसूतिपूर्व जाँच ढिलो हुनेजस्ता समस्याहरू देखापर्ने गरेको छ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को ६ को दफा २ मा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्ने भनिएको छ। ऐनको परिच्छेद–७ मा कसुर र सजाय तोकिएको छ। यद्यपि सम्मानजनक व्यवहार नगरिएको खण्डमा के सजाय हुने र उजुरी कसरी दिने भन्ने कुनै स्पष्ट किटान गरिएको छैन।

नेपाल बहुसूचक सर्वेक्षण २०२४–२०२५ को प्रतिवेदनमा संस्थागत सुत्केरी गराउने ९०.५ प्रतिशत पुगेको छ। विगतको २०२२ को तुलनामा ८० प्रतिशतबाट वृद्धि भई ९०.५ प्रतिशत पुगेको हो। अधिवक्ता श्रेष्ठका अनुसार नेपाल प्रहरीको गत वर्षको लैंगीक हिंसामाथि परेका उजुरीहरूमध्ये १४ वटा उजुरी गर्भवती अवस्थामा परिवार, श्रीमान्, आफन्तजनबाट कुटपीट भएको विवरण पाइएको छ। उहाँले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ स्पष्ट नहुँदा सम्मानजनक सेवाको प्रभावकारी हुन नसकेको बताउनुभयो। प्रसूति सेवालाई मर्यादीत, प्रभावकारी र सेवामैत्री बनाउन ऐन संशोधन पहिलो आवश्यकता रहेको उहाँको भनाइ छ।

मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले ऐनमा गैरसरकारी र निजी स्वास्थ्य संस्थामा मात्रै सम्मानजनक प्रसूति सेवा दिनुपर्ने अवधारणा नै न्यायोचित नरहेको जनाउनुभयो। सबैभन्दा बढी प्रसूति सेवा लिने संस्थाहरूमा सरकारी स्वास्थ्य संस्थाहरू रहेकाले ऐन संशोधन गरेर सम्मानजनक सेवाप्रदायकको प्राथमिकतामा जोड दिनुपर्ने उहाँले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ,'अब ऐन नै संशोधन गर्नु पर्छ। सम्मानजनक सेवा भनेको के हो र ? यसलको पाना नगरे कस्तो कसुर सजाय हुने समेत प्रष्ट ऐनमै व्यवस्था गरिनुपर्छ।'

# सुक्खाले बढायो डढेलो र प्रदूषण

–प्रगति ढकाल/रासस

देशका विभिन्न स्थानमा वन डढेलोका घटना बढ्न थालेका छन् भने काठमाडौँ उपत्यकासहितका क्षेत्रमा वायु प्रदूषण पनि वृद्धि हुन थालेको छ। केही दिनयता वर्षा नहुँदा तापक्रम बढ्नुका साथै सुक्खा अवस्था बढेकाले डढेलो र प्रदूषण दुवैमा वृद्धि देखिएको सम्बन्धित निकायको तथ्याङ्कले देखाएको छ।

विशेषगरी सुक्खा मौसम र उच्च तापक्रमका कारण सानो झिल्काले समेत आगलागी निम्त्याउने जोखिम बढेको वन तथा भूसंरक्षण विभागले जनाएको छ। वन डढेलोबाट निस्कने धुवाँ र वायुमण्डलमा जमेको धुलोको कणले उपत्यकाको वायु गुणस्तरलाई समेत खराब बनाउन थालेको छ।

वन डढेलोको उच्च जोखिम रहने चैत महिनामा चालु वर्ष भने अघिल्लो वर्षको तुलनामा उल्लेख्य कमी देखिएको थियो। प्रि–मनसुन अवधिमा औसतभन्दा बढी वर्षा भएकाले सुक्खापन कम हुँदा डढेलोका घटनामा गिरावट आएको थियो। तर पछिल्ला दिनहरूमा वर्षा अभावसँगै पुनः सुक्खा बढ्न थालेकाले डढेलोको जोखिम पुनः बढ्ने सङ्केत देखिएको विज्ञहरूले बताएका छन्।

वन तथा भूसंरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार चैत महिनामा आर्थिक वर्ष २०७८ मा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए। यो संख्या २०७९ मा घटेर २६७ मा झरे पनि २०८० मा २४९ र २०८१ मा पुनः बढेर ३३१ पुगेको थियो। चालु आर्थिक वर्ष २०८२ मा भने ७९ वटामात्रै घटना दर्ता भए, जसलाई विज्ञहरूले मौसमीय अवस्थासँग जोडेर हेरेका छन्। प्रिमनसुन अवधिमा भएको राम्रो वर्षाका कारण अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा उल्लेखनीय गिरावट आएको थियो।

वन तथा भूसंरक्षण विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वैशाखको पहिलो सातादेखि नै देशभर डढेलोका घटना पुनः बढ्दो क्रममा देखिएका छन्। विभागको तथ्याङ्कले वैशाख ६ देखि ९ गतेसम्मको दैनिक विवरण सार्वजनिक गर्दै चार दिनमै १०२ वटा डढेलोका घटना दर्ता भएको जनाएको छ।

विभागका अनुसार सबैभन्दा बढी डढेलो घटना दाङमा १७ वटा दर्ता भएका छन्। त्यसपछि कपिलवस्तुमा १४, नवलपुरमा नौवटा डढेलोको घटना भएका छन्। सल्यान, सुर्खेत तथा कैलालीलगायतका जिल्लामा पनि उल्लेख्य संख्यामा डढेलोका घटना देखिएका छन्।

तथ्याङ्कअनुसार केही जिल्लामा डढेलोको 'विश्वसनीयता स्तर' (६० प्रतिशतभन्दा बढी) उच्च रहेको छ। विशेषगरी कैलालीमा १२, डोटीमा ११, अर्घाखाँचीमा सात, गुल्मीमा छ र पाल्पामा पाँचवटा उच्च विश्वसनीयताका घटना देखिएको विभागले जनाएको छ।

त्यस्तै यस अवधिमा संरक्षित क्षेत्रभित्र पनि डढेलोको जोखिम कायम रहेको छ। चितवन राष्ट्रिय निकुञ्जमा सबैभन्दा बढी २३ वटा घटना दर्ता भएका छन् भने पर्सा राष्ट्रिय निकुञ्जमा १० र बाँके राष्ट्रिय निकुञ्जमा नौवटा डढेलोका घटना देखिएका छन्। बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायतका क्षेत्रमा पनि डढेलो फैलिएको विवरणमा उल्लेख छ। संरक्षित क्षेत्रतर्फ कुल ५७ वटा डढेलोका घटना र ३३ वटा उच्च विश्वसनीयताका घटना रेकर्ड भएका छन्। त्यसैगरी, बुधबारदेखि बिहीबारसम्म मात्र १५ वटा वन डढेलोको घटना भएको विभागको तथ्याङ्कमा उल्लेख छ।

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले पछिल्ला दिनमा डढेलोका घटना फेरि बढ्न थालेको बताउनुभयो। 'अस्तिबाट डढेलोको घटना बढेको छ', उहाँले भन्नुभयो, 'मनसुनले केही समय साथ दिएको थियो, तर अहिले पुनः सुक्खा अवस्था छ। सुक्खा भएका कारण सानो झिल्काले पनि आगो लाग्ने जोखिम उच्च छ।'

प्रधानका अनुसार यदि निकट भविष्यमा वर्षा नभए डढेलोको जोखिम अझै बढ्न सक्नेछ। 'अब पानी नपरेमा डढेलो थप फैलिन सक्छ', उहाँले भन्नुभयो। महानिर्देशक प्रधानले बढ्दो तापक्रम, सुक्खा मौसम र मानवीय असावधानीलाई डढेलोका मुख्य कारणका रूपमा औँल्याउँदै सचेतना र पूर्वतयारी बढाउन आवश्यक रहेको बताउनुभयो।

विभागकै वन अधिकृत विजय ढकालले डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वय आवश्यक रहेको बताउनुभयो। वन क्षेत्रमा आगो लगाउने, खरानी फाल्ने वा असावधानीपूर्वक आगो प्रयोग नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताउनुभयो। 'जहाँ व्यवस्थित रूपमा वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन अभाव भएका क्षेत्रमा डढेलोको समस्या जटिल बन्दै गएको छ', उहाँले भन्नुभयो।

**डढेलोसँगै वायु प्रदूषणमा पनि वृद्धिः काठमाडौँ पहिलो प्रदूषित सहर**

देशका विभिन्न स्थानमा बढ्दै गएको डढेलोको असर काठमाडौँ उपत्यकाको वायुमण्डलमा स्पष्ट देखिन थालेको छ। पछिल्ला दिनमा वर्षा अभाव र सुक्खा मौसमका कारण डढेलोका घटना बढेसँगै उपत्यकामा वायु प्रदूषण पनि तीव्र रूपमा वृद्धि भएको हो।

एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार मङ्गलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकाङ्क आज बढेर १९६ पुगेको छ। यससँगै काठमाडौँ विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा सूचीकृत भएको छ। बिहीबार भने एक्युआई अझै बढेर २४७ पुगेको थियो, जुन 'अत्यन्त अस्वस्थ' तहमा पर्छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नहुनु, हावाको गति कम हुनु र तापक्रम बढ्नुजस्ता मौसमी अवस्थाले प्रदूषित कणहरू वायुमण्डलमै थुप्रिएको र उपत्यकामा वायु प्रदूषण बढेको जानकारी दिनुभयो।

वातावरण युवा अभियन्ता राजन थापाले डढेलोबाट निस्कने धुवाँ, धुलो तथा सुक्ष्म कण (पीएम २.५)ले वायुमण्डललाई गम्भीर रूपमा प्रदूषित बनाउने जानकारी दिनुभयो। देशभर फैलिएको वायु प्रदूषणको अवस्थाबारे टिप्पणी गर्दै थापाले पछिल्लो तथ्याङ्कले व्यापक र गम्भीर प्रदूषणको अवस्था देखाएको बताउनुभएको छ।

एक्युआईको मापदण्डअनुसार ०–५० सम्म 'राम्रो', ५१–१०० 'मध्यम', १०१–१५० 'अस्वस्थ', १५१–२०० 'सबैका लागि अस्वस्थ', २०१–३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ। स्वास्थ्य विज्ञहरूले प्रदूषण बढेको समयमा विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिहरूलाई अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र सुरक्षित रहन सुझाव दिएका छन्।

**अझै केही दिन सुक्खा**

जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार देशका विभिन्न भागमा देखिएको तुवाँलो र तातो मौसम क्रमिक रूपमा सुधार हुने सङ्केत देखिए पनि पूर्ण रूपमा हट्न भने अझै केही दिन कुर्नुपर्ने भएको छ।

'आइतबारदेखि मौसममा सुधार देखिन थाले पनि तुवाँलो पूर्ण रूपमा हट्नका लागि बुधबारसम्म प्रतीक्षा गर्नुपर्नेछ', उहाँले भन्नुभयो, 'अर्को सातादेखि मात्रै राम्रो वर्षा हुने सम्भावना छ, वन डढेलो र प्रदूषण नियन्त्रणमा सहयोग गर्न सक्छ।'

विभागका अनुसार आज पनि मधेस प्रदेशसहित बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र, उपत्यका तथा खोँचहरूमा 'तातो दिन'को अवस्था कायम रहने सम्भावना रहेको विभागले जनाएको छ। विशेषगरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा 'तातो हावाको लहर' (लु) चल्ने जोखिमसमेत रहेको छ। मौसमविद्हरूले उच्च तापक्रम र तुवाँलोको असरबाट जोगिन आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# छ महिनामा डेढ लाखबढि सवारी अनुमतिपत्र वितरण गरिने




**भक्तपुर ।**
यातायात व्यवस्था कार्यालय राधेराधे भक्तपुरले दुई पाङ्ग्रे र चार पाङ्ग्रेका एक लाख ७६ हजार २५० थान सवारी अनुमतिपत्र (लाइसेन्स) छ महिनाभित्र वितरण सक्ने योजना बनाएको छ ।

कार्यालयले मंगलबारदेखि सन् २०२२ देखि २०२४ सम्मका सबै र २०२५ का केही सवारी अनुमतिपत्र (लाइसेन्स) वितरण सुरु गरेको र बिहीबारसम्म जम्मा तीन हजार सवारी अनुमतिपत्र वितरण गरेको कार्यालयका सूचना अधिकारी जीवन बस्नेतले जानकारी दिए । अझै एक लाख सवारी पत्र छपाइ भएर आउन बाँकी रहेको उनले बताए ।

उनले भने, मंगलबारदेखि लाइसेन्स वितरण सुरु गरेका छौँ, पहिलो दिन ८०० वितरण गर्‍यौँ, दोस्रो दिन र तेस्रो दिनसम्म गरेर तीन हजार वितरण गर्‍यौँ, आठ जना कर्मचारी लाइसेन्स वितरणमा ९:०० बजेदेखि ५:०० बजेसम्म खटिँदा पनि एक हजारभन्दा बढी वितरण गर्न सकिँदैन, यही अवस्थामा सबै लाइसेन्स वितरण गर्न छ महिना समय लाग्छ ।

सरकारले पठाएको लाइसेन्स लिन दैनिक भीड नगर्न सेवाग्राहीलाई आग्रह गर्दै उनले लाइसेन्सको बिलदेखि मोबाइल एप्स प्रयोग गरेर लाइसेन्स देखाउन सकिने बताउन सकिने भएकाले भीड नगरी बिस्तारै आइदिन सेवाग्राहीलाई आग्रह गरे । कार्यालयले सवारी अनुमतिपत्र वितरण सुरु गरेपछि चार वर्षदेखि लाइसेन्स लिन कुरिरहेका सेवाग्राहीको कार्यालयमा भीड बढेको छ ।

बिहान ७:०० बजेदेखि नै कार्यालय अगाडि सेवाग्राहीको भीड लागेपछि कार्यालयले बिहान ९:०० बजे कार्यालय खुल्ने बित्तिकै सवारी अनुमतिपत्र वितरण गर्ने गरेको बस्नेतले जानकारी दिए ।

नवीकरणका लागि आवेदन दिएका र लिखित तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गरी नयाँ लाइसेन्सका लागि चार वर्षदेखि प्रतीक्षामा रहेका सेवाग्राहीले अहिलेसम्म रसिदका भरमा सवारीसाधन सञ्चालन गर्दै आएका थिए । रासस

# लोकतन्त्रको विकल्प अझ सुदृढ, उत्तरदायी र जनमुखी लोकतन्त्र होः थापा



**काठमाडौँ ।**
नेपाली कांग्रेस सभापति गगनकुमार थापाले लोकतन्त्रको विकल्प अझ सुदृढ, उत्तरदायी र जनमुखी लोकतन्त्र भएको बताएका छन् ।

लोकतन्त्र दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै उनले आजको यथार्थमा अपेक्षा र उपलब्धिबीचको दूरी घटाउन अझ सुदृढ, उत्तरदायी र जनमुखी लोकतन्त्र आवश्यक रहेकोमा जोड दिएका छन् ।

सभापति थापाले जनअधिकार र लोकतन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान् सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै लोकतान्त्रिक सङ्घर्षबाट प्राप्त उपलब्धिहरूलाई केवल इतिहासका पानामा सीमित नभई जनजीवनमा अनुभूत हुने व्यवस्था बनाउन सक्नु नै साझा दायित्व भएको सन्देशमा उल्लेख गरेका छन् । उनले संविधानको मर्मलाई व्यवहारमा उतार्दै सुशासन र विकासमार्फत जनताको विश्वास जित्नु आजको आवश्यकता भएको बताएका छन् । रासस

# कर्मचारीलाई वैदेशिक भ्रमण मनोनयनमा रोक



**काठमाडौं ।**
सरकारले आगामी ३ महिना कुनै पनि कर्मचारीलाई वैदेशिक भ्रमणमा मनोनयन नगर्न निर्देशन दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालय, आयोग र निकाय सबैलाई पत्राचार गर्दै यो व्यवस्था गर्न निर्देशन दिएको हो ।

सरकारको गत चैत १३ गतेको निर्णयअनुसार स्वीकृत शासकीय सुधारसम्बन्धी १ सय कार्यसूचीको उच्च प्राथमिकताका साथ कार्यान्वयन भइरहेको सन्दर्भमा प्रधानमन्त्री कार्यालयले यस्तो निर्देशन दिएको छ । कर्मचारी वैदेशिक भ्रमणमा जाँदा एक सय कार्यसूचीको कार्यान्वयनमा बाधा उत्पन्न हुनसक्ने भएकाले वैदेशिक भ्रमणमा कुनै पनि कर्मचारीलाई मनोनयन नगर्न प्रधानमन्त्री कार्यालयद्वारा जारी निर्देशनमा उल्लेख गरिएको छ । रासस

# नयाँ नियमावलीमा सांसदको विशेषाधिकार प्रस्ताव

काठमाडौं ।
प्रतिनिधिसभा नियमावली सांसदको विशेषाधिकारको रुपमा अघि बढाउन प्रस्ताव गरिएको छ । प्रतिनिधिसभाले गठन गरेको नियमावली मस्यौदा समितिले तयार पारेको प्रस्तावमा सभा, समिति र सदस्यको हकमा नियमावली सङ्घीय कानुनका रूपमा विशेष कानुनसरह लागू हुने उल्लेख छ । नियमावली मस्यौदामा प्रस्तावना, परिभाषा, अधिवेशन र बैठक सञ्चालन, अध्यक्षता, सदस्यको उपस्थिति, संविधान संशोधन विधेयक, महाअभियोग प्रस्ताव, प्रत्यायोजित विधायनलगागत विषयमा सुधार र थप स्पष्ट पार्ने प्रयास भएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए ।



संसद् र समितिमा हुने छलफल र बहसमा सांसदबाट बेलाबखत प्रयोग हुने शब्दका विषयमा उठ्दै आएका प्रश्नलाई नियमावलीमार्फत नै सम्बोधन गर्ने प्रसास गरिएको छ । मस्यौदामा अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिङ्गलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई 'असंसदीय शब्द' भनी किटान गरिएको छ । मस्यौदामा 'प्रत्यायोजित विधायन' स्पष्ट गर्दै नियमावली, आदेश, गठन आदेश, विनियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डलाई समेटिएको छ ।

बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारणलगायत विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रतिनिधिसभामा रहेको दलीय प्रतिनिधित्वको आधारमा पदेन सदस्यबाहेक बढीमा पन्ध्र सदस्य रहेको कार्यव्यवस्था परामर्श समिति गठन गर्ने व्यवस्था गरिएको छ । यसअघि सो समिति २१ सदस्यीय रहेको थियो । नियमावलीको नियम १५ मा संसद्को आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । यसअघि जवाफका लागि समय किटान गरिएको थिएन ।

सांसदले बैठक कक्षमा रहँदा फोन 'साइलेन्स' अवस्थामा राख्नुपर्ने, फोनमा कुरा गर्न, फोटो खिच्ने तथा अडियो र भिडियो रेकर्ड गर्न नहुने नियमावली मस्यौदामा प्रस्ताव गरिएको छ । संविधान संशोधन विधेयकको कार्यविधिबारे पनि नियमावलीमा स्पष्ट पारिएको छ । संविधानको धारा २७४ को उपधारा ९४० र अनुसूची–६ मा उल्लिखित विषयका हकमा सोही उपधारा र अनुसूचीमा लेखिएको अवधिभित्र सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्ने प्रस्ताव गरिएको छ । संविधानको उक्त धारामा 'कुनै प्रदेशको सिमाना परिवर्तन वा अनुसूची–६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक सङ्घीय संसद्मा प्रस्तुत भएको ३० दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्नेछ' भन्ने उल्लेख छ ।

प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने व्यवस्था मस्यौदामा गरिएको छ । यसअघि प्रतिनिसभा नियमावली, २०७९ मा सो व्यवस्था 'कानुनबमोजिम हुने' भन्ने मात्रै उल्लेख थियो । नियम १५७ मा राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध पेस गरिने महाअभियोगको प्रस्तावमा प्रस्ताव पेस गर्नुपरेको आधार र कारण खुलाई सोको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने व्यवस्था गरिएको छ ।

नियम १६२ मा द्रुत प्रक्रियाबाट समेत टुङ्गो लाग्न नसकेको महाभियोगको प्रस्ताव निर्वाचनपश्चात् गठन हुने प्रतिनिधिसभाको लागि अभिलेखको रूपमा रहने र यसबारे निर्वाचनपश्चात् सभा गठन भएको पाँच महिनाभित्र त्यस्तो अभिलेख ग्रहण गरी अर्को पाँच महिनाभित्र आवश्यक निर्णय गरिसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । कार्यपालिका र व्यवस्थापिकाबीचमा शक्ति सन्तुलन कायम गर्ने सन्दर्भमा विषयगत समितिले दिएका निर्देशन, राय, सल्लाह र सुझाव सम्बन्धित निकायले ३० दिनभित्र कार्यान्वयन गरेको प्रगति विवरण प्राप्त पाउने विषय नियमावलीमा राखिएको छ । समितिले दिएका त्यस्ता निर्देशन कार्यान्वयन भए÷नभएका बारेमा ३० दिनभित्र पुनरावलोकन ग रिनेछ ।

सभापतिलाई जानकारी नदिई लगातार पाँचवटा बैठकमा अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ व्यवस्था गरिएको छ । नियमावलीमा प्रतिनिधिसभा गठन हुने विशेषाधिकार समितिको आकार घटाइ १५ सदस्यमा सीमित गरिएको छ । यसअघि सो समिति २१ सदस्यीय रहने व्यवस्था थियो । विशेषाधिकार समितिले आवश्यक ठहर्याएमा अभियोग लागेको व्यक्तिलाई बढीमा तीन महिनासम्म थुनामा राखी कारबाही गर्न सक्ने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । यसअघि तीन महिनाको समय किटान गरिएको थिएन ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले यही वैशाख ८ गते आफ्नो प्रतिवेदन सभामुख डोलप्रसाद अर्यालसमक्ष बुझाएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न छ राजनीतिक दलका तर्फबाट १५ सदस्यीय नियमावली मस्यौदा समिति गठन भएको थियो । नियमावलीको मस्यौदालाई यही वैशाख १७ गतेदेखि सुरु हुने प्रतिनिधिसभाको अधिवेशनमा पेस हुने संसद् सचिवालयका प्रवक्ता गिरीले जानकारी दिए ।

समितिले नियमित रूपमा १४ वटा बैठक बसी मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिएको हो । समितिमा सांसदहरू ओजस्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला शमीम मिकरानी, तपेसवर यादव, ध्रुवराज राई, निशा डाँगी, निश्कल राई, बलावती शर्मा, मधुकुमार चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल थिए । रासस

# देशप्रति इमानदार, आशा र विश्वासको दृष्टिकोण आवश्यक छः दाहाल

**काठमाडौँ ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले यतिबेला देशप्रति इमानदार चिन्तन, आशा र विश्वासले भरिएको दृष्टिकोण आवश्यक रहेको बताएका छन् । फरक विचार र आस्था भए पनि मुलुकको समृद्धिका विषयमा साझा राष्ट्रिय चेतना जरुरी रहेको उनको धारणा छ । शुक्रबार बालुवाटरस्थित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले आयोजना गरेको खेम शर्माको पुस्तक विमोचन कार्यक्रममा अध्यक्ष दाहालले देश बाहिर रहेको नेपालको ठूलो जनशक्ति केवल श्रमको जनशक्तिमात्रै नभई ज्ञान, अनुभव र राष्ट्रिय सम्भावनाको जनशक्ति पनि रहेको बताए । यही सन्दर्भमा गैरआवासीय नेपाली सङ्घको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने उनको धारणा छ । 'सङ्घले विश्वभर रहेका नेपालीलाई केवल सञ्जालमा बाँध्ने काममात्र गरेको छैन, नेपाली अनुभव, क्षमता र चिन्तनलाई नेपालसँग जोड्ने सेतुको काम पनि गर्दै आएको छ' उनले भने । साथै अध्यक्ष दाहालले देशबाट पलायन युवा शक्तिलाई नेपाल निर्माणमा प्रेरित गर्ने र आफ्नो सीप क्षमतालाई स्वदेशमै उपयोग गर्न सङ्घले सशक्त भूमिका निर्वाह गर्ने विश्वससमेत व्यक्त गरे । उनका अनुसार राष्ट्र निर्माणमा सरकारसँगै अरु सबैको साझा दायित्व हो । जसमा राज्य, समाज, नागरिक, बुद्धिजीवी, युवापुस्ता र प्रवासी नेपाली समुदायको भूमिका महत्त्वपूर्ण हुने उनले सुनाए । रासस

# नवप्रवर्तनलाई केन्द्रमा राखेर योजना तर्जुमा गरौँः मुख्यमन्त्री

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीयताको सुदृढीकरणलाई प्राथमिकता र नवप्रवर्तनलाई केन्द्रमा राखेर योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बताएका छन् । प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमअन्तर्गत प्रादेशिक निर्देशक समितिको तेस्रो बैठकलाई शुक्रबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा सम्बोधन गर्दै उनले स्थानीय तहसँग समन्वय बढाउँदै जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिए । मुख्यमन्त्री आचार्यले कर्मचारीहरूको क्षमता अभिवृद्धि कागजी प्रक्रियामा मात्र सीमित नभई फिल्ड तहमा प्रत्यक्ष अभ्यासमार्फत गर्नुपर्ने बताए । उनले तालिमलाई नतिजासँग जोड्न, विषयगत आधारमा सञ्चालन गर्न र कार्यक्रमको मोडालिटी समयानुकूल परिवर्तन गर्नुपर्नेमा जोड दिए । जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्रीले आयोजना बैंक र त्यसले निर्धारण गरेका प्राथमिकतामा तीन तहका सरकारबीच सहकार्य अपरिहार्य रहेको धारणा राखे ।

प्रमुख सचिव कृष्णप्रसाद काप्रीले सेवा प्रवाहलाई चुस्त बनाउन कर्मचारीहरूको क्षमता अभिवृद्धि अनिवार्य रहेको बताए । बैठकमा प्रदेशका कार्यक्रम व्यवस्थापक तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका वरिष्ठ उपसचिव सुरेशचन्द्र आचार्यले प्रस्तुति राखेका थिए भने सहजीकरण वरिष्ठ शाखा अधिकृत दुर्गाप्रसाद खत्रीले गरेका थिए । बैठकले चालु आर्थिक वर्ष २०८२र८३ को हालसम्मको प्रगतिको समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८३र८४ का लागि प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट परिमार्जनसहित स्वीकृत गर्ने निर्णय गरेको छ । कार्यक्रम प्रदेश कार्यक्रम सहयोग एकाइ र प्रदेश सुशासन केन्द्रमार्फत कार्यान्वयन गरिने जनाइएको छ ।

कार्यक्रमको लक्ष्य कार्यात्मक, दिगो, समावेशी र उत्तरदायी प्रदेश तथा स्थानीय शासन निर्माण गर्नु रहेको छ । रासस

# द्वन्द्वपछि ३० हजार नेपाली स्वदेश फर्किएः परराष्ट्र मन्त्रालय

**काठमाडौँ ।**
पश्चिम एसियामा उत्पन्न द्वन्द्वपछि हालसम्म ३० हजारभन्दा बढी नेपाली नागरिक सो क्षेत्रबाट स्वदेश फर्किएका छन् । संयुक्त राज्य अमेरिका र इरानबीचको युद्धले सो क्षेत्रमा तनाव उत्पन्न भएपछि वैदेशिक रोजगारीलगायत काममा गएकामध्ये ३० हजारभन्दा बढी नेपाली घर फर्किएका परराष्ट्र मन्त्रालयले आज पत्रकार सम्मेलनमार्फत जनाएको छ ।

मन्त्रालयका अनुसार ती नागरिकहरू तत्कालको परिस्थितिका कारण र बिदामा घर फर्किएको हो । त्यसमध्ये २१ हजार नेपाली नागरिक कतारबाट फर्किएका मन्त्रालयको मध्येएसिया, पश्चिमएसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले जानकारी दिएका छन् । यसैगरी उक्त द्वन्द्वपछि मन्त्रालयको कन्सुलर सेवा विभागले सुरु गरेको अनलाइन पोर्टलमा हालसम्म सोक्षेत्रका ८७ हजार ८१९ जनाले आफ्नो अवस्थाका बारेमा दर्ता गराएको उनले बताएका छन् । द्वन्द्वका क्रममा इरानको हर्मुज क्षेत्रमा पानीजहाजसहित पक्राउ परेका नेपाली नागरिक अमृत झाको रिहाईको पहल भइरहेको महाशाखाका प्रमुख खड्काले जानकारी दिएका छन् । उनले छिट्टै रिहाइ हुने मन्त्रालयले जनाएको छ । यसैगरी कामको सिलसिलामा इरानमा रहेका १० नेपाली नागरिकमध्ये दुई जना स्वदेश फर्कने तयारीमा रहनुभएको बताउँदै बाँकी आठ जना हाल सुरक्षित महसुस गरी इरानमा रहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिएका छन् । मन्त्रालयले सो क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा र आवश्यक सहजताका लागि आपतकालीन प्रतिकार्य समूहमार्फत काम गरिरहेको जनाएको छ ।

पत्रकार सम्मेलनमा प्रवक्ता क्षेत्रीले प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका लागि भारत सरकारबाट निमन्त्रणा प्राप्त भएको जनाउँदै भ्रमणको प्रारम्भिक तयारी भइरहेको उल्लेख गरेका छन् । यसैगरी उनले हाल राहदानी वितरणको कार्य सहज रूपमा भइरहेको उल्लेख गर्दै जनतालाई घरमै गएर राहदानी पुर्‍याउने व्यवस्थाका लागि हुलाक विभागसँग समन्वय भइरहेको बताएका छन् । रासस

# कच्चा पदार्थको अभावमा हेटौँडा सिमेन्ट उद्योग बन्द




**बागमती ।**
लामो समयदेखि आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग कच्चा पदार्थ अभावमा बन्द भएको छ । गत महिना क्लिङ्कर उत्पादन गरेको उद्योगले कच्चा पदार्थ नपाएपछि उत्पादन बन्द गरेको हो ।

‘हामीसँग कोइला, ढुङ्गालगायत कच्चा पदार्थ छैनन् । तत्काल कच्चा पदार्थ आउने सम्भावना पनि छैन, कच्चा पदार्थका लागि सम्झौता भए पनि रकमको अभाव देखाउँदै ठेकेदारले कच्चा पदार्थ ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नुपरेको छु, उद्योगमा भएको कच्चा पदार्थबाट पाँच हजार टन क्लिङ्कर उत्पादन गरेर अहिले सिमेन्ट ‘प्याकेजिङ’ भइरहेको उद्योगका सहायक प्रबन्धक भक्तिराम श्रेष्ठले भने । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमताको उद्योग सधैँ बन्द प्रायः छ । क्लिङ्कर उत्पादनका क्रममा उद्योगको मेसिनमा केही समस्या आएकोले मेसिनको मर्मतको भइरहेको छ ।

अर्थाभावमा कर्मचारीले १० महिनादेखि तलब पाएका छैनन् । उद्योगमा १६६ जना स्थायी, १०० दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी छन् । विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । रासस

# चियाको व्यावसायिक उत्पादन सुरु



**त्रिशूली ।**
नुवाकोटको पञ्चकन्या गाउँपालिकाले बाझो जग्गामा लगाएको चिया खेतीको व्यावसायिक उत्पादन सुरु भएको छ । गाउँपालिकाको वडा नं ४ स्थित घ्याङस्वारामा तीन वर्षअघि रोपेको चियामध्ये करिब १३ हजार बिरुवाबाट उत्पादन सुरु भएको गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङले जानकारी दिए ।

उनको अनुसार पहिलो पटक पातको प्रशोधनमार्फत उत्पादन सुरु भएसँगै ‘घ्याङस्वारा अर्गानिक चिया’ को व्यावसायिक उत्पादन सुरु गरिएको छ ।

‘ट्रेडमार्क, अनुज्ञापत्रसहितको कानुनी प्रक्रियाको चरणमा भएकाले बजार (उपभोक्ता) समक्ष पु¥याउन केही समय लाग्नेछ,’ अध्यक्ष तामाङले भने, ‘शतप्रतिशत अर्गानिक उत्पादित चियाको सम्बन्धित निकायमा गरिएको गुणस्तर परीक्षणको प्रारम्भिक नतिजामा अर्थोडक्स मध्येमा ‘उत्कृष्ट’ रहेको नतिजा आएको छ ।’

तीन वर्षअघि पञ्चकन्या–४ स्थित ‘घ्याङस्वाराको बाझो रहेका तथा झारपातले ढाकिएका सार्वजनिक जग्गालाई कृषि योग्य बनाइ यहाँका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थीसहितको सयौँ स्थानीयवासीको श्रमदानबाट रोपिएका चियाबाट उत्पादन सुरु भएसगैँ गाउँपालिका उत्साहित भएको छ ।

उक्त क्षेत्रको ३३२ रोपनीमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्र पञ्चकन्याको समन्वयमा अहिले ८३ हजार बिरुवा उत्पादन दिन तयार भएको रोजगार संयोजक सरोजकुमार खातीले जानकारी दिए । उनको अनुसार अहिले १२ हजार ५० बिरुवाबाट टिपिएको पातलाई चिया तथा कफी विकास कार्यालय ककनीमा प्रशोधन गरिएको हो ।

परीक्षणका लागी १५ किलोग्राम पातको प्रशोधनमा तयारी चिया तीन किलो उत्पादन भएको छ । यसको गुणस्तर उच्च पहाडी एवं हिमाली क्षेत्रमा उत्पादन हुने अर्थोडक्स चियामा उत्कृष्ट रहेको उल्लेख छ । कानुनी प्रक्रिया पूरा भएसगैँ ‘घ्याङस्वारा अर्थोडक्स चिया’ को व्यावसायिक उत्पादन, मूल्य निर्धारणपश्चात बजार पठाइने रोजगार संयोजक खातीको भनाइ छ ।

‘समुन्द्री सतहबाट एक हजार ८०० देखि दुई हजार २०० मिटर उचाइमा चियाको व्यावसायिक उत्पादनसँगसगैँ स्थानीय किसानलाई अनुदानमा वितरण गर्न ८४ हजार बिरुवा तयार भएका छन्’, उनले भने, ‘यस क्षेत्रमा रोजगार सिर्जनामार्फत कृषिमा रूपान्तरण गर्दै पर्यटन प्रवद्र्धनमा जोड दिने उद्देश्यले सुरु गरिएको चिया खेतीको उत्पादनले घ्याङस्वारालाई छोटो अवधिमा नै परिवर्तनको रूपान्तरणमा योगदान पुगेको छ ।’

नुवाकोटको ककनी गाउँपालिका र म्यागङ गाउँपालिकामा यसअघिदेखि नै चियाको व्यावसायिक उत्पादन भइरहेको छ । यस क्षेत्रमा लगाइने चियालाई प्रवद्र्धनको लागि चिया तथा कफी विकास कार्यालयले सहयोग पु¥याउँदै आएको छ । रासस

# भारत र अमेरिकाबीच चर्कियो कूटनीतिक विवाद



**नयाँ दिल्ली ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत–अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ । भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ ।

बुधबार राति ट्रम्पले सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वतः नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो । सो पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अङ्ग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो । त्यस्तै, भारतलाई ‘नरक’ भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई ‘स्पष्ट रूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा’ भएको प्रतिक्रिया दिए । उनले यस्ता भनाइहरूले भारत–अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै दुई देशबीचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गरे । यसैबीच, भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई ‘आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल’ रहेको बताएका छन् ।

उनले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने सङ्घर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गरे । हिन्दू अमेरिकन फाउन्डेसनले समेत उक्त पोस्टप्रति आपत्ति जनाउँदै यसलाई ‘घृणित र जातिवादी अभिव्यक्ति’ को संज्ञा दिएको छ । संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ ।

अमेरिकामा आप्रवासन नीतिमा कडाइ ल्याउने आफ्नो प्रमुख एजेन्डाअन्तर्गत ट्रम्पले विशेषगरी भारतीय प्राविधिक कामदारहरूले प्रयोग गर्ने भिसा प्रणालीलाई लक्षित गर्दै आएका छन् । यसले दुई देशबीचको सम्बन्धमा थप जटिलता थपेको छ । यसअघि पनि भारत–पाकिस्तानबीचको तनावका क्रममा आफ्नो मध्यस्थतालाई पर्याप्त महत्त्व नदिएको भन्दै ट्रम्पले भारतप्रति असन्तुष्टि जनाउँदै व्यापारिक क्षेत्रमा समेत दबाब सिर्जना गर्न उच्च शुल्क लगाएका थिए ।

यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा चिसोपना ल्याएको विश्लेषण गरिएको छ । रोचक पक्ष के छ भने, विशेषगरी चीनसँगको रणनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै विगतका अमेरिकी प्रशासनहरूले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भारतसँग सुदृढ सम्बन्ध कायम राख्न निरन्तर प्रयास गर्दै आएका थिए ।

तर ट्रम्पको पछिल्लो अभिव्यक्तिले सो दीर्घकालीन रणनीतिमा प्रश्न उठाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको आसन्न भारत भ्रमणको तयारी भइरहेका बेला यस्तो विवाद सतहमा आउनु अर्थपूर्ण मानिएको छ । कूटनीतिक वृत्तमा यसलाई दुई देशबीचको सम्बन्ध सुधार्ने प्रयासका लागि चुनौतीका रूपमा हेरिएको छ । रासस

# हर्मुज तनावबीच युद्धविराम विस्तार



**वासिङ्टन ।**
मध्यपूर्वमा जारी तनावका बीच इजरायल र लेबनानबीचको युद्धविराम थप अवधि लागि विस्तार गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार यस्तो घोषणा गर्दै इरानसँगको शान्ति वार्ता अझै अन्योलमै रहेको बताए । इरानसँगको वार्ता अपेक्षित रूपमा अघि बढ्न नसक्दा क्षेत्रीय सुरक्षा अवस्था अझ जटिल बनेको देखिएको छ ।

लेबनानमा हालै इजरायली आक्रमण भइरहेका बेला इरान समर्थित हिजबुल्लाहले नयाँ रकेट प्रहार गरेको थियो । यद्यपि त्यसबीच ट्रम्पले दुवै देशका राजदूतहरूसँग भेटवार्ता गरेपछि युद्धविराम विस्तारको निर्णय सार्वजनिक गरेका हुन् । प्रारम्भिक रूपमा आइतबारसम्म लागू हुने भनिएको युद्धविराम अब केही समय थप कायम रहनेछ ।

पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले क्षेत्रीय शान्तिको सम्भावना अझै बलियो रहेको बताए । उनका अनुसार परिस्थिति सहज रूपमा समाधान हुन सक्ने आधारहरू अझै बाँकी छन् । तथापि, यसअघि उहाँले इरानसँगको द्वन्द्व अन्त्य गर्न आफू हतारमा नरहेको पनि स्पष्ट परेका थिए । यसैबीच, तेस्रो अमेरिकी विमानवाहक पोत मध्यपूर्व क्षेत्रमा आइपुगेपछि सैन्य उपस्थिति थप सुदृढ भएको छ ।

इरानी सञ्चारमाध्यमहरूले राजधानी तेहरानमा विस्फोट भएको खबर दिएका छन् । यो दुई साताअघि लागू गरिएको युद्धविरामपछि पहिलो घटना हो । विस्फोटको कारण भने स्पष्ट हुन सकेको छैन । एक इजरायली सुरक्षा स्रोतले आफ्नो देशले हाल इरानमा कुनै आक्रमण नगरेको दाबी गरेको छ ।

क्षेत्रीय तनावको अर्को केन्द्र बन्दै गएको स्ट्रेट अफ हर्मुजमा अवस्था झनै संवेदनशील बनेको छ । विश्वको करिब पाँचौँ भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले यसको अवरोधले अन्तर्राष्ट्रिय बजारमा ठूलो असर पार्ने देखिएको छ । इरानले युद्धको प्रतिक्रियास्वरूप उक्त जलमार्ग प्रभावकारी रूपमा बन्द गरेको जनाएको छ ।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इरानलाई समय सीमित रहेको चेतावनी दिँदै आफूलाई पर्याप्त समय भए पनि इरानमाथि दबाब बढ्दै गएको संकेत गरे । उनले इरानविरुद्ध आणविक हतियार प्रयोग नगर्ने प्रतिबद्धता जनाउँदै अमेरिकी नौसेनालाई जलमार्गमा बारुदी सुरुङ राख्ने कुनै पनि इरानी डुङ्गालाई नष्ट गर्न निर्देशन दिए ।

यसैक्रममा अमेरिकी सेनाले युएसएस जर्ज एच डब्लु बुश विमानवाहक पोत क्षेत्रमै पुगेको पुष्टि गरेको छ । यससँगै मध्यपूर्व क्षेत्रमा सक्रिय अमेरिकी युद्धपोतहरूको संख्या तीन पुगेको छ । युएस सेन्ट्रल कमान्डका अनुसार एक पोत लाल सागरमा र अन्य पोतहरू पनि आसपास क्षेत्रमा परिचालनमा छन् ।

इरानले भने आफ्नो जलमार्ग नखोल्ने अडान दोहो¥याउँदै अमेरिकी दबाब अस्वीकार गरेको छ । उसले आफ्ना बन्दरगाहमा अमेरिकी नाकाबन्दी कायम रहुन्जेल स्ट्रेट अफ हर्मुज सबैका लागि बन्द रहने बताएको छ । साथै, उक्त मार्ग प्रयोग गर्न खोज्ने जहाजबाट शुल्क उठाउन थालेको पनि जनाएको छ ।

इरानी नेतृत्वभित्र विभाजन भएको ट्रम्पको दाबीलाई त्यहाँका शीर्ष नेताहरूले अस्वीकार गरेका छन् । राष्ट्रपति, संसद् अध्यक्ष र मुख्य न्यायाधीशले सामाजिक सञ्जालमार्फत राष्ट्रिय एकताको सन्देश दिँदै बाह्य प्रभावले आन्तरिक स्थायित्वमा असर पार्न नसक्ने बताएका छन् ।

यसैबीच, पाकिस्तानमा सम्भावित शान्ति वार्ता पुनः सुरु हुने सङ्केत देखिए पनि हालसम्म कुनै औपचारिक प्रतिनिधिमण्डल त्यहाँ पुगेको छैन । इस्लामाबादमा भने सुरक्षाका कडा उपायहरू अपनाइएका छन् । युरोपेली देशहरू पनि क्षेत्रीय सङ्कट समाधानका लागि सक्रिय भएका छन् र उनीहरूले मध्यपूर्वका देशहरूसँग गहन संवादको तयारी गरिरहेका छन् । रासस

# धानमा गवाँरो र मकैमा फौजीकिरा



**चितवन ।**
चितवनमा लगाइएको चैते धानमा गवाँरोको समस्या देखिएको छ । पूर्वी चितवनको खैरहनी र भरतपुर महानगरपालिकामा लगाइएको धानमा गवाँरोको समस्या देखिएको हो ।

जिल्ला कृषि विकास कार्यालयकी सूचना अधिकारी विन्दु पौडेलका अनुसार पुतली वर्गको किरा भएकाले वयस्क अवस्थामा विभिन्न प्रकारका पुतलीको रुपमा देखिने गर्दछ । यिनीहरु बिरुवाको डाँठभित्र रहने हुँदा लार्भाले गुवो खाई नोक्सान पुर्याउने गर्छन् । धानमा लार्भाले डाँठमा प्वाल परेर गुवो खाने गर्छन् । सुरुआतको अवस्थामा गुवो तान्दा सजिलै आउँछ ।

पछिल्लो चरणमा गवाँरोले गुवो खाँदा सेतो बाला वा फोस्रो बाला देखिने उनले बताए ।

यसबाट वालिलाई बचाउनका लागि धान काट्दा सकेसम्म जमिनको सतह छुनेगरी काट्ने, ठूटा डुब्नेगरी एक हप्तासम्म पानी जमाउने, धान रोप्ने बेलामा धानको बेर्नाको पातको टुप्पो तीनदेखि पाँच सेमी चुँडेर नष्ट गर्ने, माकुरा, लामासिङ्गे फट्याङ्ग्राजस्ता मित्रजीवको संरक्षण गर्नेजस्ता काम गर्न आवश्यक रहेको सूचना अधिकारी पौडेलले बताए । यस्तै प्रकाश पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षण गरी मार्ने, धानखेतको आलीमा भटमास लगाउनेजस्ता काम गरे राम्रो हुने उनले जानकारी दिए ।

जिल्लामा यस वर्ष नौ हजार १९३ हेक्टरलमा चैते धान लगाइएको छ । उनले पौडेलले भने ‘धान रोपेको सुरुआती अवस्थामा नै गवाँरोले आक्रमण गरेपछि उत्पादन घट्न सक्छ । किसानले प्राविधिकको सल्लाहमा औषधिको प्रयोग गर्नुपर्छ ।’

यस्तै जिल्लामा लगाइएको हिउँदे मकैमा अमेरिकन फौजीकिराको प्रकोप देखिएको छ । भरतपुर महानगरपालिका, माडी नगरपालिका र खैरहनी नगरपालिका क्षेत्रमा लगाइएको मकैमा यो किराको सङ्क्रमण देखिएको सूचना अधिकारी पौडेलले बताए । यो किरा मकै बालीमा लाग्ने पुतली वर्गको रात्रीचर किरा हो । यसले सुरुआतमा मकैको पात खान्छ । उनका अनुसार लार्भा आफैँले बनाएको रेसा र हावाको मद्दतले अन्य बोटमा फैलिने गर्दछ । कलिलो अवस्थामा मकैको गुभोभित्र पसेर खाने गर्दछ । बोट बढ्दै जाँदा पातमा स–साना प्वाल देखिन्छन् ।

बिरुवा हुर्कदै जाँदा मकैको धान चमरा, जुङ्गा र घोगामा समेत यसले नोक्सान गर्छ । यसको रोकथामका लागि मकै उम्रेदेखि नियमित अनुगमन गरी कीराको उपस्थिति र सम्भावित क्षतिको आकलन गर्ने, मकैको घोगामा समेत नोक्सान गर्नसक्ने भएकाले खोस्टाले पूरा घोगा छोपिने जातको मकै लगाउने, एउटा पकेट क्षेत्रमा एकै समयमा मकै रोप्ने तथा समस्या देखिएमा प्राविधिकको सल्लाहअनुसार औषधिको प्रयोग गर्नुपर्छ । जिल्लामा १७ हजार ८३३ हेक्टरमा मकैखेती गरिएको छ । रासस

# नेपाल भानुआतुसँग पराजित



**काठमाडौँ ।**
आइसिसी महिला टि–ट्वान्टी च्यालेन्ज ट्रफीमा नेपाल भानुआतुसँग पराजित भएको छ । रुवाण्डाको किगालीस्थित गहङ्गा क्रिकेट ओभलमा आज भएको खेलमा नेपाल भानुआतुसँग २२ रनले पराजित भएको हो । जितका लागि ९८ रनको लक्ष्य पछ्याएको नेपाल १५.३ ओभरमा सबै विकेट गुमाउँदै ७५ रनमै समेटियो ।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक २४ रनको योगदान दिइन् ।

उनले १९ बलमा ४ चौका प्रहार गरिन् । त्यस्तै कप्तान इन्दु वर्माले १३ र कविता कुँवरले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बलिङतर्फ भानुआतुका लागि भानेसा भिरा र नासिमाना नवाइकाले तीन तीन विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको भानुआतुले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ९७ रन बनायो । भानुआतुका लागि भालेन्टा लाङ्गियातुले सर्वाधिक ४२ रनको योगदान दिइन् ।

उनले ५० बलमा दुई चौका र दुई छक्का हानिन् । यस्तै नासिमाना नवाइकाले १८ तथा सेलिना सोलमन र सुसन स्टीफनले १०÷१० रन बनाए ।

बलिङतर्फ नेपालका लागि रिया शर्माले ४ ओभरमा ११ रन खर्चेर २ विकेट लिइन् । यस्तै मनिषा उपाध्याय, कविता कुँवर र रचनाकुमारी चौधरीले एक एक विकेट लिए । अब नेपालले यही वैशाख १३ गते अमेरिकासँग खेल्नेछ । रासस

# एकै पटक १७ चिकित्सकको लाइसेन्स खारेज



**काठमाडौं ।**
नेपाल मेडिकल काउन्सिलले एकै पटक १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ । काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १७ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा सतिशकुमार देवले जानकारी दिए ।

उनले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताए । उनले ती चिकित्सकको दर्ता किताबबाट नाम हटाइएको बताए । नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १७ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ, उनले भने ।

उनका अनुसार यसरी लाइसेन्स खारेजीमा पर्ने चिकित्सकहरूमा डा शर्मिला गुरुङ, डा रोशन भुसाल, डा मोती गुरुङ, डा देवराज रेग्मी, डा मेरिना गुरुङ, डा नीरञ्जनदेव पाण्डे, डा रोजन केसी, डा ममता गुरुङ, डा राजीव हमाल, डा सलुजा सिंह थारुलगायत रहेका छन् । यस्तै डा. सुजना केसी, डा जोस्ना शाही, डा मनिषा हमाल, डा सुप्रिया शाक्य, डा इच्छा न्यौपाने, डा दीपेन ढकाल र डा तुसार सरवजना छन् । ती लाइसेन्स खारेज गरिएका चिकित्सक ब्रिटिश, अमेरिकी, पोर्चुगाली, क्यानडियन, भारतीय, अस्ट्रेलियन, हङकङलगायत देशको नागरिता लिएका छन् । रासस

# एम्नेस्टी इन्टरनेसनलको युथ मेला पोखरामा सुरु

**काठमाडौं ।**
शुक्रबार देखि कास्कीको पोखरामा एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) को युथ मेला सुरु भएको छ । युथ मेलाअन्तर्गत १८औँ संस्करण शुक्रबार देखि सुरु भई यही वैशाख १३ गतेसम्म सञ्चालन हुनेछ ।

तीन दिनसम्म सञ्चालन हुने राष्ट्रिय युथ मेलामा एम्नेस्टी नेपालमा आबद्ध विभिन्न युवा सञ्जाल, समूह र व्यक्तिगत सदस्यताको प्रतिनिधित्व गर्दै मुलुकभरका १०० भन्दा बढी २५ वर्षमुनिका युवा सदस्यहरूले सहभागिता जनाएका एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले जानकारी दिए ।

मानवअधिकार अभियानमा युवा नेतृत्वलाई प्रोत्साहित गर्ने प्रतिबद्धताबाट निर्देशित हुँदै यस वर्षको युथ मेला 'जलवायु न्याय र नागरिक स्वतन्त्रताः न्यायपूर्ण भविष्यका लागि युवाको सरोकार' भन्ने विषयवस्तुमा केन्द्रित हुने उनले बताए । अन्तरक्रियात्मक सत्र र कार्यशालामार्फत सहभागीले मानवअधिकारसम्बन्धी आफ्नो बुझाइलाई सुदृढ गर्ने जनाउँदै निर्देशक थपलियाले जलवायु न्याय, नागरिक स्वतन्त्रता, सङ्कुचित हुँदै गएको नागरिकस्थललगायत महत्वपूर्ण मुद्दाहरूका विषयमा छलफल हुनुका साथै ती विषय सम्बोधनका लागि व्यावहारिक पैरवी सीप हासिल गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा युवा नेतृत्वमा गत भदौमा भएका प्रदर्शन, जलवायु सङ्कट, डिजिटल अधिकार, सङ्क्रमणकालीन न्याय र यौनिक तथा अल्पसङ्ख्यक व्यक्तिका अधिकारलगायत नेपालमा विकसित हुँदै गइरहेका मानवअधिकार परिदृश्यसँग सम्बन्धित हुने आयोजकले जनाएको छ ।

यस कार्यक्रममा इरानमा जारी द्वन्द्वमा केन्द्रित हुँदै मध्यपूर्वमा चलिरहेको मानवअधिकार सङ्कटतर्फ ध्यान आकर्षित गर्नेगरी एउटा सार्वजनिक एक्सन आयोजना गरिने निर्देशक थपलियाले जानकारी दिए ।

एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अडानअनुरूप तयार गरिने एक्सनले गैरसैनिकहरूको सुरक्षा, अन्तरराष्ट्रिय मानवअधिकार र मानवीय कानुनको पालना, सोको उल्लङ्घन हुन नदिन जवाफदेहिता र द्वन्द्वको बीचमा मौलिक स्वतन्त्रताको रक्षाका लागि आह्वान गर्ने उनले विश्वास व्यक्त गरे । सन् २००६ देखि एम्नेस्टी इन्टरनेसनल नेपालले युवा अभियन्ताको शिक्षा, प्रेरणा एवं परिचालनको एउटा मञ्चको रूपमा युथ मेलालाई आयोजना गर्दै आइरहेको छ ।

नेपालभरिका ५० वटा युथ नेटवर्क र समूहबाट वार्षिक रूपमा १०० भन्दा बढी सहभागी हुने यो मेला युवा लक्षित महत्वपूर्ण कार्यक्रम हो । मेलामा हालसम्म एक हजार ५०० भन्दा बढी युवाले सहभागिता जनाएका एम्नेस्टी नेपालले जनाएको छ । रासस

# अपाङ्गमैत्री सरकारी वेबसाइट प्रणाली अद्यावधिक सम्बन्धी तालिम

**काठमाडौँ ।**
अपाङ्गमैत्री सुविधासहित सञ्चालित सरकारी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (जिआइएमडब्लुएमएस) लाई थप अद्यावधिक गर्ने उद्देश्यले आयोजित तालिम सम्पन्न भएको छ । सूचना प्रविधि विभागले विभिन्न मन्त्रालय तथा विभागका कर्मचारीलाई लक्षित गर्दै उक्त तालिम सञ्चालन गरेको हो ।

मन्त्रालयमा आयोजित तालिम कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारी वेबसाइटको सुधार र विकासतर्फ यो पहल महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरेका छन् ।

उनले वेबसाइटहरूलाई समयानुकूल परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता औँल्याउँदै सीमित स्रोतसाधनका बाबजुद दृढ इच्छाशक्ति र लगावका कारण यस्तो कार्य सम्भव भएको बताएका छन् । अपाङ्गता भएका व्यक्तिलाई सेवा प्रवाहमा सहज पहुँच प्रदान गर्नु सबै नागरिकको अधिकार र सरकारको कर्तव्य भएको मन्त्री तिमिल्सिनाले उल्लेख गरेका छन् ।

कार्यक्रममा सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले शासकीय सुधारसम्बन्धी एक सय दिने कार्यसूचीअन्तर्गत बुँदा नम्बर ३० मा सरकारी एप तथा पोर्टलहरूलाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले सहज रूपमा प्रयोग गर्न सक्ने बनाउने लक्ष्य समावेश गरिएको जानकारी दिएका छन् । सोही लक्ष्यअनुरूप विभागले तयार पारेको टेम्प्लेट प्रयोग गर्ने सबै सरकारी वेबसाइटहरूलाई अपाङ्ग पहुँचमैत्री बनाउने कार्य अघि बढाइएको उहाँको भनाइ छ ।

विभागका अनुसार अन्तरराष्ट्रिय मापदण्डका रूपमा रहेको 'वेब सामग्री' एसेसिबिलिटी गाइडलाइन (डब्ल्युसीएजी) मा आधारित भई वेबसाइटहरू विकास गरिएका छन् । नयाँ सुधारअनुसार अब सरकारी वेबसाइटहरू किबोर्डको प्रयोगबाट मात्र पनि सहज रूपमा सञ्चालन गर्न सकिनेछ, जसले माउस प्रयोग गर्न नसक्ने प्रयोगकर्तालाई सुविधा दिनेछ । यसअन्तर्गत 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्था गरिएको छ । जसबाट किबोर्ड तथा 'स्क्रिन रिडर' प्रयोगकर्तालाई 'नेभिगेसन' सामग्री छोडेर सिधैँ मुख्य विषयवस्तुमा पुग्न सहयोग पुऱ्याउँछ । वेबसाइटमा रहेका महत्त्वपूर्ण तस्बिर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा 'अल्टटेक्स्ट' समावेश गरिएको छ । जसले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न सहज बनाउँछ ।

त्यसैगरी, फाराम भर्ने क्रममा देखिने त्रुटि सन्देश र सुझावलाई सजिलै सुन्न र बुझ्न सकिने गरी तयार पारिएको छ । 'सर्च' तथा सम्पर्क फारामजस्ता 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र सङ्केतहरू राखिएकाले स्क्रिन रिडर प्रयोगकर्तालाई थप सहयोग पुग्ने विभागले जनाएको छ । किबोर्ड प्रयोगकर्ताका लागि आफू वेबसाइटको कुन स्थानमा रहेको भन्ने स्पष्ट देखिने दृश्य सङ्केत समावेश गरिएको छ ।

फाराम पेस गरेपछि प्राप्त हुने सन्देशलाई स्क्रिन रिडरमैत्री बनाइएको छ । यी सुधारहरू सामान्य प्रयोगकर्ताका लागि परिवर्तन नदेखिए पनि सहायक प्रविधिमा निर्भर व्यक्तिका लागि भने अत्यन्त उपयोगी हुने विभागको भनाइ छ । महानिर्देशक साहका अनुसार यस्ता पहुँचमैत्री सुधारहरूले सबै नागरिकलाई समान रूपमा डिजिटल सेवामा पहुँच पुऱ्याउने लक्ष्यलाई सुदृढ बनाउनेछ । साथै, यसले समावेशी र प्रविधिमैत्री शासन प्रणाली निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । रासस

# एकै पटक धेरै पुस्तक प्रकाशन गरेर विश्व कीर्तिमान

**काठमाडौँ ।**
जति टाढा उति देशको माया गाढा । यो उक्ति खासमा लामो समय अष्ट्रेलिया बसोबास गरेका खेम शर्मालाई सुहाउँछ । किनकी उनको कर्म विदेशी भूमिमा भए पनि स्वदेशको मुहान फेर्ने काममा बढी केन्द्रित छ । तर अहिले पनि केही वर्षदेखि यहाँ नेपालमै बस्न थालेका छन् । केही नयाँ गरौँ, देशको मुहार फेरौँ भन्ने ध्येयका कारण नै आफूलाई जन्मभूमिले तानेको उनको अनुभव छ ।



हेर्दा, सुन्दा सामान्य लाग्ने सरसफाइको काम अनुशासनको पहिलो मानक नै हो । तर सरसफाइलाई उहाँले कुनै पनि व्यक्ति या राष्ट्रकै समृद्धिको पहिलो खुड्किलो हो भन्छन् । उनले सुरुमा अष्ट्रेलिया र पछिल्ला वर्षहरूमा नेपालमै सरसफाइ अभियानमा गरेको काम देखेर नेपाली समाजलाई सिक्न बाध्य बनायो । एक दशकअघि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सफा गरेर उहाँले सरसफाइ कस्तो हुनुपर्छ भन्ने एउटा मानक नै प्रस्तुत गरेका थिए ।

मुलुकलाई समृद्ध बनाउन हरेक नागरिकको जागरण आवश्यक रहेको बताउने शर्माको देशका लागि केही गरौँ भन्ने हुटहुटी यसपटक भने पुस्तकका रूपमा बाहिर आएको छ । यो पटक शर्माले विचार र चिन्तनको माध्यमबाट समृद्ध नेपालको परिकल्पना गरेर विभिन्न शीर्षकका २४ वटा पुस्तक डिजिटल स्वरूपमा प्रकाशन गरेर विश्व कीर्तिमान राख्न सफल भए । राष्ट्र निर्माणमा केन्द्रित रेहेर एउटै लेखकले एकैपटकमा फरक शीर्षकका धेरै पुस्तक प्रकाशन गरेकाले उनलाई आज काठमाडौँमा आयोजित कार्यक्रममा विश्व रेकर्डको प्रमाणपत्र प्रदान गरियो । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रमाणपत्र प्रदान गरेका थिए ।

'रक्षा', 'गृह', 'परराष्ट्र', 'अर्थ', 'भूमि व्यवस्था', 'सहकारी तथा गरिबी निवारण', 'खानेपानी सरसफाइ तथा फोहर व्यवस्थापन', 'कृषि तथा पशुपन्छी विकास', 'श्रम तथा रोजगार', 'यातायात तथा नागरिक उड्डयन', 'शिक्षा', 'विज्ञान तथा प्रविधि', 'संस्कृति तथा पर्यटन', 'सञ्चार तथा सूचना प्रविधि', 'स्वास्थ्य तथा जनसङ्ख्या', 'सामाजिक विकास', 'सङ्घीय मामिला तथा सामान्य प्रशासन', 'युवा तथा खेलकुद', 'सहरी विकास', 'वन तथा वातावरण', 'कानुन, न्याय तथा संसदीय मामिला', 'ऊर्जा, जलस्रोत तथा सिँचाइ', 'उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार', 'सङ्घीय मामिला तथा सामान्य प्रशासन' गरी विभिन्न शीर्षकका यी पुस्तकको डिजिटल प्रकाशन आज सार्वजनिक गरिएको हो ।

शर्माका यी डिजिटल पुस्तकहरूले विश्व कीर्तिमानमा नाम दर्ज गर्न सफल भएको छ । राष्ट्र निर्माणमा केन्द्रित रहेर एउटै लेखकले एकै पटक धेरै पुस्तक लेखेको विषयमा उहाँलाई विश्व कीर्तिमानको प्रमाणपत्र दिइएको हो । ती सबै पुस्तक छ लाखभन्दा बढी शब्दका छन् । ती पुस्तकको विमोचनसँगै राष्ट्रियसभाका अध्यक्ष दाहालले शर्मालाई विश्व कीर्तिमानबाट प्राप्त प्रमाण पत्र, ट्रफी र मेडल प्रदान गरेका थिए । पुस्तक लेख्दाका अनुभव साट्दै शर्माले आफू धेरै रात अनिद्रा रहेको बताए ।

उनका अनुसार राष्ट्र निर्माणमा दृष्टिकोणको आवश्यक पर्छ । जुन यतिबेला मुलुकमा खाँचो छ । त्यसैले नेपालका मन्त्रालयहरूकै शीर्षक राखेर ती मन्त्रालयले के कस्तो काम गर्दा देश बन्छ भन्ने विषयलाई यी पुस्तकमा समेटिएको उनको भनाइ थियो । विमानस्थलमा सफाइको नमूना पेस गरेपछि त्यस लगत्तै पशुपतिनाथ क्षेत्र हुँदै नेपालका धेरै क्षेत्रमा सरसफाइएको अभियान नै चल्यो र त्यसको नेतृत्व उनले नै गरे ।

त्यसैले उनको पहिचान सफाइ अभियन्ता बन्न पुग्यो । अहिले त्यसैमा आफूलाई चिनाउन उनलाई रुची लाग्छ ।

'हामीजस्ता सचेत मान्छेले नै फोहर गरेको हो विमानस्थल' उनले उक्त अभियान सम्झँदै भने 'अनि हामीले नै सफा नगरे कसले गर्छ ? रूपान्तरण आफैँबाट जरुरी छ नि । त्यसैले गऱ्यौँ र एउटा मानक बनायौँ पनि । त्यसैले अब फोहर नगरौँ, त्यसो भएपछि सफा गर्नै पर्दैन ।

'एनआरएनद्वारा अयोजना भएको आजको सो कार्यक्रममा विश्वभर विभिन्न देशमा रहेका नेपालीहरूको अनुवभलाई जोड्ने संयन्त्रका रूपमा एनआरएन हुनुपर्ने धारणा उनले राखे । त्यसैले हालै प्रकाशित पुस्तक सङ्ग्रह बिक्रीबाट भविष्यमा प्राप्त हुने रोयल्टीको ५० प्रतिशत रकम 'ज्ञान मञ्च' निर्माणमा योगदान गर्ने उनले बताए ।

'मेरो उद्देश्य पुस्तक बेचेर रोकिनु मात्रै होइन, विचारलाई संरचनामा, संरचनालाई संवादमा र संवादलाई राष्ट्र निर्माणमा बदल्नु हो' उनले भने 'अब हामी नेपाली नागरिक भएर सोच्नुपर्ने बेला आएको छ । विचार, धारणा फरक हुन सक्छ तर, देश साझा हो । ' उनले राष्ट्रिय पक्षमा साझा नागरिक चेतनाको निर्माण गर्न विचारको चिन्तन आवश्यक आधार रहेको बताए । शर्मा यस लगत्तै देश विकास र समृद्धिका लागि मार्च पहिचान गर्ने र त्यसपछि थप दुई पुस्तक प्रकाशन गर्ने तयारीमा छन् । उनको विचारमा प्रवासी नेपालीहरू केवल रेमिट्यान्सका स्रोत मात्रै होइनन् । उनीहरू ज्ञान, अनुभव, दृष्टि र राष्ट्रियताप्रति गम्भीर रहेको उनले बताए ।

यसै धारणाबाट प्रेरित भएर यो वर्षभित्र नेपालको ७७ वटै जिल्लाको सम्भावना, रूपान्तरण र मार्गचित्रमाथि पहिलो र विश्वमै फैलिएका एनआरएनबाट नेपालले के सिक्न सक्छ भन्ने विषयमा दोस्रो पुस्तक लेख्ने जानकारी दिए । कार्यक्रममा उनको पुस्तकलाई समीक्षा गर्दै डा सुरेश तिवारीले देशको समृद्धिका आधारशिलाका रूपमा शर्माका पुस्तक प्रकाशित भएको बताए । यी पुस्तक पढेर व्यवहारमा उतार्न सकिएमा नेपालमा विकासका ढोका धेरै खुल्ने उनको दाबी थियो । रासस

# 'बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन' शुरु
## कृत्रिम बुद्धिमता र डिजिटल रुपान्तरणमा जोड

**कर्णाली ।**
कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरस्थत मध्यपश्चिम विश्वविद्यालयमा 'बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन–२०२६' उद्घाटन भएको छ ।



भारतको बिरला ग्लोबल युनिभर्सिटीसँगको सहकार्यमा मध्यपश्चिम विश्वविद्यालयद्वारा आयोजित 'बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन' (मल्टिडिस्प्लिनियरी इन्टरनेश्नल कन्फेरेन्स)को उद्घाटन शुक्रबार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले गरेका हुन् । सम्मेलनको उद्घाटन गर्दै मुख्यमन्त्री कँडेलले विश्वविद्यालयले शैक्षिक कार्यक्रमसँगै आफूलाई राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न नवीनतम विषयहरूमा ज्ञान र अनुभव आदानप्रदान गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरेकोमा प्रशंसा व्यक्त गरे ।

उनले कृत्रिम बुद्धिमता, डिजिटल रुपान्तरण र दिगोपनको भूमिका सम्बन्धी विषयमा अन्तरविषयगत सहकार्य र विश्वव्यापी ज्ञानलाई आदानप्रदान गर्दै समावेशी, दिगो तथा नवप्रवद्र्धनशील समाज निर्माण महत्त्वपूर्ण भूमिका खेलोस् भन्ने शुभकाना व्यक्त गरे ।

मुख्यमन्त्री कँडेलले भने, आजको युग ज्ञानको युग हो । सूचना र प्रविधि र नवप्रवर्तनको तीव्र विकाससँगै समाज शिक्षा प्रणालीमा व्यावसायिक सोचमा आमूल परिवर्तन भइरहेको छ । यसलाई स्वीकार गर्दै अब हाम्रा विश्वविद्यालयहरूले प्रविधि, नीतिगत, प्राज्ञिक र व्यावसायिक रूपमा आफूलाई अब्बल सावित गर्नुपर्ने अवस्था सृजना हुँदै गएको छ । कृत्रिम बुद्धिमता आजको विश्वको सबैभन्दा प्रभावशाली प्रविधि बन्न पुगेको उल्लेख गर्दै उनले स्वास्थ्य शिक्षा, कृषि उद्योग सञ्चारलगायतका क्षेत्रमा यसको प्रयोगले अभूतपूर्व परिवर्तनमात्र नभई यसले गोपनीयता, रोजगारको भविष्य, नैतिकता डिजिटल विभाजनजस्ता चुनौतीहरू पनि गम्भीर रूपमा उठान गरेकाले यस्ता जटिल समस्या समाधान गर्न एउटै विषयगत दृष्टिकोणमात्र पर्याप्त नहुने जिकिर गरे ।

उनले भने, शुक्रबार हामी यस्तो ऐतिहासिक मोडमा उभिएका छौँ जहाँ विज्ञान प्रविधि र मानवीय मूल्यबीचको सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गरिँदैछ । कृत्रिम बुद्धिमत्तता र विश्वव्यापी रुपान्तरणले हाम्रो जीवनशैली, अर्थतन्त्र, शासन प्रणाली र सामाजिक संरचनामा गहिरो प्रभाव पारेको छ ।' यस्तो अवस्थामा दिगो भविष्य निर्माणका लागि अन्तरविषयगत सहकार्य र बहस अपरिहार्य बनेको उनले बताए ।

'इन्टरडिस्प्लिनियरी सिनर्जिज फर अ सस्टेनेबल फ्यूचर इन द एज अफ एआई एन्ड डिजिटल ट्रान्सफरमेसन' भन्ने मूल नारामा आधारित रहेर नेपालको उच्च शिक्षा, अनुसन्धान संस्कृति, अन्तरराष्ट्रिय सहकार्य, क्षेत्रीय विकास र नीति संवादलाई एउटै साझा मञ्च जोड्ने प्रयासअनुरुप सम्मेलनको आयोजना गरिएको मध्यपश्चिम विश्वविद्यालय योजना विकास तथा अनुगमन निर्देशनालयका कार्यकारी निर्देशक एवं सम्मेलन व्यवस्थापन समितिका सदस्यसचिव विष्णुकुमार खड्काले जानकारी दिए ।

कृत्रिम बुद्धिमत्ता, डिजिटल रुपान्तरण र दीगोपनासम्बन्धी नयाँ अवधारणा विकास, शिक्षा, प्रविधि, शासन, अर्थतन्त्र र समाजका जटिल समस्यालाई अन्तरविषयगत दृष्टिकोणबाट विश्लेषण, अन्तरराष्ट्रिय अनुसन्धान सहकार्य तथा साझेदारी विस्तार र प्रमाण आधारित नीति निर्माणका लागि सिफारिसहरू गर्ने लक्ष्यसहितको उद्देश्य प्राप्तिका लागि तीन दिनसम्म सम्मेलन सञ्चालन हुने उनले बताए । उनले भने, "सम्मेलन सात प्रमुख विषयमा केन्द्रित हुनेछ । कृषि, वातावरण तथा खाद्य सुरक्षा, शिक्षा तथा मानव विकास, कानुन, नीति तथा सुशासन, व्यवस्थापन, अर्थशास्त्र तथा उद्यमशीलता, स्वास्थ्य तथा जनसङ्ख्या, विज्ञान, प्रविधि तथा इन्जिनियरिङ र सामाजिक विज्ञान तथा मानविकीलगायतका विषयअन्तर्गत ३४४ भन्दा बढी अनुसन्धान पत्रहरू प्रस्तुत गरिनेछ । कार्यकारी निर्देशक डा खड्काका अनुसार सम्मेलनमा २१ देशको प्रतिनिधित्व, ५०० भन्दा बढी सहभागी, ३४४ भन्दा बढी अनुसन्धानपत्र प्रस्तुति, विश्वस्तरीय वक्ता, उपकुलपतिहरूको राउन्ड टेबल, डायोस्परासम्बन्धी आर्थिक उद्यमशीलताको छलफल हुनेछन् । रासस

# महोत्तरीमा लूको प्रभाव बढ्दो, सतर्क रहन प्रशासनको अपिल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पछिल्ला दिनहरूमा महोत्तरी जिल्लामा अत्यधिक गर्मी र तातो हावा (लू) को प्रभाव बढ्दै गएपछि जनजीवन प्रभावित हुन थालेको छ ।
तापक्रममा निरन्तर वृद्धि भएसँगै जलेश्वर, बर्दिबास, गौशाला, औरहीलगायत क्षेत्रहरूमा गर्मीको असर तीव्र रूपमा देखिन थालेको छ ।
जिल्ला प्रशासन कार्यालय महोत्तरीले शुक्रबार सार्वजनिक अपील जारी गर्दै आगामी केही दिनसम्म गर्मीको लहर जारी रहने सम्भावना रहेको जनाएको छ । तराईको भौगोलिक अवस्थाका कारण यहाँ गर्मीको प्रभाव बढी हुने भएकाले विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ ।
प्रशासनका अनुसार किसान, मजदुर, बालबालिका र वृद्धवृद्धा उच्च जोखिममा पर्ने भएकाले दिउँसोको समयमा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन सुझाव दिइएको छ । बाहिर निस्कनै परे छाता, टोपी वा गम्छाले टाउको ढाक्न र प्रशस्त पानी पिउन आग्रह गरिएको छ ।
बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिन अभिभावकलाई सचेत गराउँदै विद्यालय जाने बालबालिकालाई झोलिलो पदार्थ खुवाउने र घामबाट जोगाउने उपाय अपनाउन भनिएको छ ।
त्यस्तै, जिल्लाका स्वास्थ्य संस्थाहरूलाई गर्मीजन्य रोगका बिरामीको उपचारका लागि तयारी अवस्थामा रहन निर्देशन दिइएको प्रशासनले जनाएको छ ।
स्वास्थ्यमा समस्या देखिएमा ढिलाइ नगरी नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्न पनि आग्रह गरिएको छ ।
गर्मीका कारण खानेपानीको अभाव हुन सक्ने भन्दै स्थानीय तहलाई सार्वजनिक स्थानमा पानीको व्यवस्था मिलाउन अनुरोध गरिएको छ । साथै, अत्यधिक गर्मीका कारण आगलागीका घटना बढ्न सक्ने भएकाले सावधानी अपनाउन चेतावनी दिइएको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेल द्वारा जारी अपीलमा आपतकालीन अवस्था आएमा तुरुन्तै स्थानीय प्रशासन वा सुरक्षा निकायलाई जानकारी गराउन र सबै नागरिकलाई संयम र सतर्कता अपनाई सुरक्षित रहन आग्रह गरिएको छ ।

# गौर नगरपालिकाको खाता बन्द

**राकेश यादव**
**रौतहट ।**




गौर नगरपालिकाको आर्थिक वर्ष २०८२–८३ को लागि सञ्चालन गरिएको सबै खाता बन्द गरिएको छ ।
कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले नगरपालिकाका वैशाख ९ गतेको पत्रले खोलेका खाता शुक्रबार बन्द गरेको हो । नगरपालिकामा सातौँ तहको लेखा अधिकृत हुँदाहुँदै छैठौँ तहका लेखापाल सोहेल अन्सारी र नया प्रमुख प्रशसकीय अधिकृतको रुपमा हाजिर भएका उपसचिव विष्णु प्रसाद पौडेलको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिएको खाता शुक्रबार बन्द गरिएको हो ।
पटकपटक विवादमा पर्दै आएका कोष लेखा प्रमुख देवी प्रसाद गौतमको निर्देशनमा नियम विपरीत सञ्चालन गरिएको खाता बन्द गरिनु पर्छ भनी नगरपालिकामा कार्यरत लेखा अधिकृत सोहन यादवले लिखित रुपमा निवेदन दिएपछि निमित्त कोष नियन्त्रक प्रमुख धर्मेन्द्र राय यादवले अर्को व्यवस्था नभएसम्मको लागि खाता बन्द गरिदिन राष्ट्रिय वाणिज्य बैंक गौर शाखाको नाममा पत्राचार गरेको लेखा अधिकृत यादवले जानकारी दिए ।
नियमअनुसार सिनियर सातौँ अधिकृत हुँदा छैंठौ तहको कर्मचारीको नाममा आर्थिक कारोबार गर्न नमिल्ने बताउँदै यादवले कोष नियन्त्रक गौतमले कानून विपरीत गएर आर्थिक प्रलोभनमा परी यस्तो कार्य गरेको आरोपसमेत लगाए ।
अवकाश जान लागेका गौतमले आर्थिक लोभमा परेर स्थानीय तहमा आफ्नो खाुशी खाता सञ्चालन गर्ने गरेको आक्रोश पोखे । लेखा अधिकृत यादवले भने लिखितरुपमा निवेदन दिँदा पनि प्रमुख गौतमले छैठौँ तहका कर्मचारीका नाममा खाता सञ्चालन गर्ने आदेश दिएका छन् ।
गौर नगरपालिकाका नगर प्रमुख राजनीतिक प्रतिशोधको भावना लिएर अधिकृत यादवलाई दमन शोषण गर्ने कार्य गर्दै आएका छन् । हाजिरी गर्ने अधिकार दिए पनि आर्थिक कारोबार गर्नबाट बञ्चित गरी आदेशपालकका रुपमा रहेका अन्सारीलाइ आर्थिक कारोबारको जिम्मेवारी दिएको आरोप उनको रहेको छ । कानूनसँग मिलने अधिकार लिएर नै छोड़ने अधिकृत यादवको अडान रहेको छ ।

# सिरहा नगरपालिकामा कर्मचारी–जनप्रतिनिधि विवाद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहा नगरपालिका भित्र कर्मचारीमाथि भएको दुव्र्यवहार र जनप्रतिनिधिसँग बढ्दो विवादका कारण कार्यालयको नियमित सेवा प्रवाह प्रभावित भएको छ ।
नगरपालिकाका अनुसार पछिल्लो समय देखिएको आन्तरिक तनावका कारण प्रशासनिक कामकाज नै असहज बन्दै गएको छ ।
प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुले कर्मचारी र केही जनप्रतिनिधिबीचको विवादले कार्यालयको वातावरण दिनानुदिन जटिल हुँदै गएको बताएका छन् ।
चैत २३ गते मेयरबाट कर्मचारीमाथि कुटपिट भएको घटनापछि अवस्था थप तनावग्रस्त बनेको जनाइएको छ । त्यसयता केही जनप्रतिनिधि तथा उनीहरूसम्बद्ध समूहबाट कार्यालयभित्र हस्तक्षेप बढ्दै गएको, कर्मचारीमाथि दबाब, धम्की तथा दुव्र्यवहार हुने गरेको आरोप पनि लगाइएको छ ।
वैशाख १० गते कर्मचारी बैठककै क्रममा कार्यालय प्रमुखसहित अन्य कर्मचारीमाथि दुव्र्यवहार भएको घटनाले कर्मचारीहरू सुरक्षित रूपमा काम गर्न नसक्ने अवस्था सिर्जना भएको नगरपालिकाको भनाइ छ ।
हालको परिस्थितिमा कार्यसम्पादन गर्न कठिनाइ भइरहेको जनाउँदै नगरपालिकाले सरोकारवाला निकायसँग आवश्यक सहजीकरण र सहयोगको माग गरेको छ ।
प्रमुख प्रशासकीय अधिकृत केही समयका लागि कार्यालयमा अनुपस्थित रहने जनाउँदै सेवा प्रवाहलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिने प्रयास भइरहेको सूचनामा उल्लेख छ । साथै, यस विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सिरहालगायत सम्बन्धित निकायलाई बोधार्थ पठाइएको जनाइएको छ ।

# जनकपुर साहित्य महोत्सवको सातौँ संस्करण जेठमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**




जनकपुर साहित्य महोत्सवको सातौँ संस्करण आगामी जेठ १ देखि ३ गतेसम्म जनकपुरधामस्थित निधि भवनमा आयोजना हुने भएको छ । नव मिथिला फाउन्डेसनले शुक्रबार काठमाडौँमा पत्रकार सम्मेलन गर्दै महोत्सवको औपचारिक मिति घोषणा गरेको हो । यसअघि २०८२ सालको माघ २२ देखि २४ गतेसम्म महोत्सव गर्ने तयारी गरिएको भए पनि देशमा विकसित असामान्य परिस्थिति र प्रतिनिधिसभा निर्वाचनका कारण मिति सार्नुपरेको आयोजकले जनाएको छ । फाउन्डेसनले महोत्सवको निरन्तरता कायम राख्दै कार्यक्रम जेठमा आयोजना गर्न लागिएको स्पष्ट पारेको छ ।
फाउन्डेसनका अध्यक्ष अमित साहका अनुसार साहित्य, भाषा र संस्कृतिको प्रवद्र्धनमा महोत्सवले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।
उनका अनुसार महोत्सवमा साहित्यिक तथा सांस्कृतिक पहिचानसँगै समसामयिक राजनीति, समाज, अर्थतन्त्र, सुशासन, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयमा पनि छलफल हुने गर्छ । यसले स्थानीय प्रतिभालाई उजागर गर्नुका साथै बाहिरी क्षेत्रका साहित्यकार तथा संस्कृतिकर्मीलाई जनकपुरधामसँग परिचित गराउने मञ्चको रूपमा काम गर्दै आएको उनको भनाइ छ ।
आयोजकका अनुसार यस वर्ष पनि महोत्सवलाई विविध विचार, सिर्जना र सांस्कृतिक प्रस्तुतिसहित भव्य रूपमा सम्पन्न गर्ने तयारी भइरहेको छ ।

# सुसाइड नोट लेखेर सहकारीकी व्यवस्थापकद्वारा कार्यकक्षमै आत्महत्या प्रयास

**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडा–७ स्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडकी कामु व्यवस्थापक रीता पौडेलले ८ पाना भन्दा लामो सुसाइड नोट लेख्दै कार्यकक्षमै आत्महत्या प्रयास गरेकी छन् ।
जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको निवेदनमा शुक्रबार दिउँसो १२ बजे हेटौँडा–७ नागस्वतीस्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्थामै पौडलले किटनाशक विषादी सेवन गरेर आत्महत्याको प्रयास गरेको बताइएको छ ।
घटनापछि उनको उद्धार गरेर हेटौँडा–१ स्थित हेटौँडा अस्पतालमा ल्याइएकामा आइसियु बेड उपलब्ध नभएपछि भरतपुर पठाइएको छ । उनको चितवन, भरतपुरस्थित सिएमसी अस्पतालमा चिन्ताजनक अवस्थामा उपचार भइरहेको छ ।
पौडेलका भाइ विक्रम पौडलले प्रहरीमा संस्थाका पदाधिकारी तथा कर्मचारीहरु ६५ वर्षीय इन्द्र बहादुर बस्नेत, ५२ वर्षीय नवराज खतिवडा, ४९ वर्षीय राजन थापा, ४२ वर्षीय कृष्ण प्रसाद दाहाल, ४५ वर्षीय कुल प्रसाद त्रिपाठी, ६२ वर्षीय राजु वाइबा र ३८ वर्षीय सुशील सुवेदीसमेतले दिदीलाई आत्महत्या गर्न बाध्य पारेकाले कारबाही गरिपाउँ भन्दै निवेदन दिएका छन् ।
निवेदनमा भनिएको छ, 'संस्थामा पटकपटक अश्लील शब्दहरु प्रयोग तथा गालीगलौज गर्ने, गैरकानूनी काम गर्न दबाब दिने, दुव्र्यवहार एवम् चरित्र हत्या गरी धम्की दिई शारीरिक र मानसिक यातना दिएका कारण दिदीले विषादी सेवन गर्न बाध्य भएको नोट फेला परेको छ ।'
संस्थाका अध्यक्ष राजु वाइबाले हिजो कामु व्यवस्थापक पौडेलले जिम्मेवारी बहन गरिरहेको ऋण विभाग, प्रशासन र व्यवस्थापकको भूमिकाबाट प्रशासनिक अधिकार फिर्ता लिएर सुशील सुवेदीलाई दिइएको, पौडेलले कुनै असन्तुष्टि नजनाएको तर आज यस्तो घटना भएको बताए ।
पौडेलले लेखेको निकै लामो सुसाइड नोटमा भने 'नेकपा एमालेका केही नेताहरुको नाम नै तोकेर एमालेको सहकारीमा काम गर्न किन आइरहेको' भन्ने मनसाय राख्दै अत्यन्त अमर्यादित व्यवहार भएको, छोराको माया लागेर मर्न नसकेको र बिहीबार बैठकमा पनि अपमानजनक व्यवहार भएपछि आत्महत्या रोजेको उल्लेख छ ।

# भारतबाट भित्र्याइएका २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा

**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल पर्साले अवैध रूपमा भारतबाट भन्सार छली गरेर भित्र्याइएका २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन निरौलाले बिहीबार पर्साको विभिन्न स्थानबाट करिब १७ लाख ३० हजार रुपैयाँ मूल्य पर्ने २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको जानकारी दिए ।
उनका अनुसार वीरगंज महानगर–१६ स्थित मुख्य भन्सार नाकाबाट १४, सिर्सियानाकाबाट सात, विन्दवासिनी गाउँपालिका–५ स्थित प्रसौनीभाठाबाट एक गरी २२ स्थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएर वीरगंज भन्सार कार्यालयलाई बुझाइएको छ ।

# तत्कालीन किष्ट बैङ्क घोटालामा फरार श्रेष्ठ पक्राउ

**काठमाडौँ ।**
केन्द्रीय अनुसन्धान ब्यूरोले तत्कालीन किष्ट बैङ्क घोटाला प्रकरणमा फरार टेलर हेड रोहितलाल श्रेष्ठलाई पक्राउ गरेको छ । बैंकको नक्कली कागजात, छाप, बैंक कर्मचारी र सुरक्षा गार्डसमेत तयार गरी बैंकलाई झुक्काई हानी नोक्सानी गरेको मुद्दामा सर्वोच्च अदालतबाट २०८० असोज १५ गते दुई वर्ष कैद सजाय तोकिएका उनलाई आज महाराजगन्जबाट पक्राउ गरिएको हो । अदालतले उनलाई १३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ जरिवानासमेत गरेको थियो । बैङ्कको ठमेल शाखामा जुनियर असिष्टेन्ट पदमा कार्यरत उनले टेलर हेडको जिम्मेवारीमा रहँदा घोटाला गरेको अनुसन्धानबाट खुलेको छ । निज श्रेष्ठलाई फैसला कार्यान्वयनको लागि काठमाडौँ जिल्ला अदालतमा उपस्थित गराइएको ब्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए ।

# विकको शव काठमाडौँ लगियो

**सिन्धुली ।**
इलाका प्रहरी कार्यालय खुर्कोट सिन्धुलीको हिरासतमा मृत्यु भएका श्रीकृष्ण विकको शव परीक्षणका लागि काठमाडौँ लगिएको छ । मृत्युको कारण स्पष्ट पार्न र घटनाको थप अनुसन्धान गर्न सिन्धुली अस्पतालमा रहेको शवलाई त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज लगिएको हो ।
विवाह गरेपछि श्रीकृष्णलाई एक किशोरीको बलात्कार गरेको आरोप लागेपछि ललितपुर प्रहरीले वैशाख ३ गते पक्राउ गरेर खुर्कोट पठाएको थियो । सुनकोशी गाउँपालिका–३ जुम्लेडाँडाका २३ वर्षीय श्रीकृष्णको खुर्कोटस्थित हिरासतभित्रै वैशाख ७ गते मृत्यु भएको इलाका प्रहरी कार्यालय खुर्कोटले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीका अनुसार श्रीकृष्णले हिरासत कक्षमा रहेको शौचालयभित्र आत्महत्याको प्रयास गरेका थिए । अचेत अवस्थामा प्रहरीले उद्धार गरेर स्थानीय सुनकोशी अस्पतालमा लगेको जनाउँदै त्यहाँबाट सिन्धुली अस्पतालमा लगिएकामा चिकित्सकले मृत्यु भएको घोषणा गरेका उनले बताए ।
मृतककी आमा विन्दामाया विकले भने छोराको मृत्युप्रति प्रहरीसँगै आशङ्का व्यक्त गरेका छिन् । प्रहरीका कारण आफ्नो छोराको ज्यान गएको आङ्शका व्यक्त गदँ उनले निष्पक्ष छानबिनको माग गरिन् । न्यायको माग गर्दै पीडितपरिवारसहित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले बिहीबार र शुक्रबार दिउँसो ३ बजेसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए ।
सङ्घीय सांसद आशिष गजुरेल, धनेन्द्र कार्की, खगेन्द्र सुनार, रिमा विश्वकर्मा, सुष्मा स्वर्णकार, गणेश विक र खिमा विश्वकर्मासहित पीडित पक्षले घटनाको यथेष्ट प्रमाणसहित न्यायको माग गरेका थिए ।
राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति गठन भएपछि आन्दोलन स्थगित गरेर मृतकको शव काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुवेदीले जानकारी दिए ।
प्रहरी नायब महानिरीक्षक आचार्य संयोजक रहेको समितिमा नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गतको युएन शाखाका प्रहरी उपरीक्षक रवीन्द्रनाथ पौडेल, नेपाल प्रहरी प्रधान कार्यालयका केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी निरीक्षक इन्द्रजित मगर, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी निरीक्षक प्रेम रेग्मी र प्रहरी नायब निरीक्षक रामेश्वर सापकोटा रहेका छन् ।समितिलाई घटनाका सम्बन्धमा तथ्यगत एवं वस्तुनिष्ट छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ ।
मृतक श्रीकृष्ण र पीडितपरिवारलाई उचित न्याय दिलाउने सिन्धुलीमा उपस्थित सांसदहरूले प्रतिबद्धता जनाएका थिए । घटनापछि सहायक प्रमुख जिल्ला अधिकारी दिपेन्द्र पौडेलको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरिएको थियो ।
मङ्गलबार गठन गरिएको छानबिन समितिमा सहायक न्यायाधिवक्ता भविराम राई, सुनकोशी गाउँपालिका–३ का वडाध्यक्ष चन्द्रबहादुर श्रेष्ठ, दलित सेवा सङ्घका सदस्य सञ्जुकुमार विश्वकर्मा, समाजसेवी तथा पूर्वप्रहरी पदम श्रेष्ठ, चिनामाया विक सदस्य रहेका छन् भने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षकसुवेदी सदस्यसचिव रहनुभएको थियो । समितिप्रति पीडित पक्षले आङ्शका व्यक्त गरेपछि शुक्रबार उच्चस्तरीय छानबिन समिति गठन भएको हो । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन